नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन २१ गते २०३१ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

कानून आयोगद्वारा प्रस्तावित "अपराध संहिता"को मसौदा उपर सर्वसाधारण जनताको र सरकारी कार्यालय र अड्डाहरूको राय बुझी आएपछि आवश्यक भएमा संशोधन समेत गरी अन्तिम रूप दिनुको लागि उक्त "अपराध संहिता" को मसौदा प्रकाशित गरिएको छ। उक्त मसौदामा संशोधन गर्नु पर्ने देखिएको सम्बन्धमा आफ्नो राय यो नेपाल राजपत्र प्रकाशित भए-को ६० (साठी) दिनभित्र यस मन्त्रालयमा पुग्ने गरी पठाउन सर्वसाधारण जनता तथा सरकारी कार्यालय र अड्डाहरूलाई अनुरोध गरिन्छ।

अपराध संहिता २०.....

प्रस्तावनाः– शान्ति र व्यवस्था तथा सर्वसाधारण जनताको सदाचार, सुविधा, आर्थिक हित, शिष्टाचार र नैतिकता कायम राख्न अपराधसम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल व्यापक संहिताको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

858

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–१
प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम "अपराध संहिता" २०.... रहेको छ ।

(२) यसको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो संहिता २०.... साल........ गतेदेखि प्रारम्भ हुनेछ ।

२. संहिताको बहिर्क्षेत्रीय प्रयोगः– (१) कसैले नेपाल अधिराज्यबाहिर देहायको कुनै अपराध गरेमा निजलाई यो संहिताबमोजिम सजाय हुनेछः–

(क) परिच्छेद ४ अन्तर्गतको अपराध, वा

(ख) दफा १७८ को खण्ड (क) अन्तर्गतको अपराध, वा

(ग) परिच्छेद २० वा २१ अन्तर्गतको अपराध, वा

(घ) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रणमा भएको कुनै संगठित संस्थाको सेवामा रहँदा आफ्नो पदीय कार्य संपादनको सम्बन्धमा गरेको यस संहिताबमोजिमको अपराध ।

(२) कुनै नेपाली नागरिकले नेपाल अधिराज्यबाहिर देहायको कुनै अपराध गरेमा नेपाल अधिराज्यभित्र सो अपराध गरे सरह निजलाई यो संहिताबमोजिम सजाय हुनेछः–

(क) नेपाली नागरिकको ज्यान लिएको वा ज्यान लिने उद्योग, दुरूत्साहन वा आपराधिक षडयन्त्र गरेको अपराध, वा

(ख) निस्सहाय नेपाली नागरिकलाई परित्याग गरेको अपराध, वा

(ग) नेपाली नागरिकलाई गम्भीर चोट पुर्‍याएको अपराध, वा

(घ) नेपाली नागरिकलाई गैरकानूनी थुनामा राखेको अपराध, वा

(ङ) नेपाली नागरिकलाई अपहरण वा खरीद–बिक्री गरेको अपराध, वा

(च) नेपाली नागरिकलाई जबर्जस्ती करणी गरेको अपराध, वा

(छ) नेपाली नागरिक वा नेपाल अधिराज्यमा संस्थापित संगठित संस्था वा श्री ५ को सरकारको हितको विरुद्ध ठगी, कीर्ते, बिजाइँ, चोरी, डकैती, आपराधिक करकाप, आपराधिक विश्वासघात वा सम्पत्तिको आपराधिक उपयोग गरेको अपराध, वा

(ज) दफा २०९ अन्तर्गतको अपराध, वा

(झ) नेपाली नागरिकलाई बेइज्जती गरेको अपराध, वा

(ञ) दफा २२२ वा २२४ अन्तर्गतको अपराध, वा

(ट) नेपाल अधिराज्यभित्र पैठारी गर्ने उद्देश्यले खाद्य पदार्थ वा औषधीमा मिसावट गरेको अपराध ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै नेपाली नागरिकले नेपाल अधिराज्यबाहिर यो संहितामा उल्लेख भए-बमोजिमको कुनै अपराध गरेको रहेछ र कुनै अन्तर्राष्ट्रिय सम्झौता वा कुनै विदेशी राज्य वा राज्यहरूसंग भएको सम्झौता अनुसार त्यस्तो नेपाली नागरिक उपर नेपाल अधिराज्यमा कारवाई चलाई सो अपराध गरे बापत सजाय गर्ने श्री ५ को सरकार उपर दायित्व रहेछ भने नेपाल अधिराज्यभित्र अपराध गरे सरह त्यस्तो नेपाली नागरिकलाई यो संहिताबमोजिम सजाय हुनेछ।

३. परिभाषाः– यो संहितामा–

(क) "अदालत" भन्नाले मुद्दा हेर्ने अन्य अधिकारी समेतलाई जनाउँछ।

(ख) "न्यायाधीश" भन्नाले मुद्दामा निर्णय दिने अधिकार प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ग) "काम" भन्नाले कामहरूको समूह समेत सम्झनुपर्छ र यो शब्दले कानूनले गर्नु पर्ने नगरेकोलाई समेत जनाउँछ।

(घ) "आश्रय दिने" भन्नाले कुनै व्यक्तिलाई खान, पिउन, पैसा, लत्ता-कपडा, हात-हतियार वा सवारीको साधन दिने वा पक्राउबाट बच्न सहायता पुऱ्याउने काम सम्झनुपर्छ।

(ङ) "ज्यान" भन्नाले मानिसको ज्यान सम्झनुपर्छ।

(च) "राष्ट्रसेवक" भन्नाले देहायको कुनै व्यक्ति सम्झनुपर्छः–

(१) नेपालको संविधानबमोजिम श्री ५ महाराजाधिराजबाट कुनै पदमा नियुक्त गरिबक्सेको व्यक्ति, वा

(२) कानून वा कुनै शर्तनामा वा करारबमोजिम श्री ५ को सरकारको कुनै सेवामा नियुक्त भएको व्यक्ति, वा

(३) पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनको कुनै तहको सदस्य वा पञ्चायत वा त्यस्तो संगठनको सेवामा नियुक्त भएको व्यक्ति, वा

(४) श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाका पदाधिकारी वा त्यस्तो संस्थाको सेवामा नियुक्त भएको व्यक्ति, वा

(५) सार्वजनिक कर्तव्य वा जवाफदेही भएको पदमा बहाल रहेको व्यक्ति।

(छ) "सार्वजनिक संस्था" भन्नाले श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रणमा भएको संगठित संस्था, विभिन्न तहका पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनका एकाईहरू र अन्य स्थानीय प्राधिकारीलाई समेत जनाउँछ।

४. शाही सेनासम्बन्धी व्यवस्थालाई असर नपार्नेः– शाही सेनासम्बन्धी कानूनी व्यवस्थालाई यस संहिताले कुनै असर पार्ने छैन।

५. स्पष्टीकरण दिइएका शब्द वा वाक्यांशको अर्थः– यो संहिताको कुनै दफामा स्पष्टीकरण दिइएका शब्द वा वाक्यांश अरू दफामा पनि प्रयोग भएको रहेछ भने सोही स्पष्टीकरण अनुरूप प्रयोग भएको मानिनेछ।

२३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–२

फौजदारी न्यायका सामान्य सिद्धान्त

६. सामान्य रूपमा लागू हुने सिद्धान्त र व्यवस्थाहरू:– यो परिच्छेद, परिच्छेद ३ र परिच्छेद ३० मा उल्लिखित सिद्धान्त र व्यवस्थाहरू नेपाल कानून अन्तर्गतका सबै अपराधका सम्बन्धमा सामान्यतः लागू हुनेछन् ।

७. कानून अनुसारको काम अपराध नहुने:– कानूनले गर्न कर लगाएको वा कानूनले क्षम्य मानेको कुनै काम अपराध मानिने छैन ।

८. तथ्यको भ्रमले गरेको काम अपराध नहुने:– तथ्यको भ्रममा परेर कानूनले गर्न कर लगाएको छ वा कानूनले क्षम्य मानेको छ भन्ने विश्वास गरी असल नियतले गरेको कुनै काम अपराध मानिने छैन ।

९. कानूनबमोजिम न्यायाधीशले गरेको काम अपराध नहुने:– न्यायिक कारवाई गर्दा कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी वा कानूनद्वारा प्रदत्त हो भन्ने असल नियतले विश्वास गरेको अधिकार प्रयोग गरी न्यायाधीशले गरेको कुनै काम अपराध मानिने छैन ।

१०. नाबालकले गरेको काम अपराध नहुने:– आठ वर्ष ननाघेको नाबालकले गरेको कुनै काम अपराध मानिने छैन ।

११. मानसिक अस्वस्थताबाट पीडित व्यक्तिले गरेको काम अपराध नहुने:–मानसिक अस्वस्थताले गर्दा कुनै कामको दोषपूर्ण वा गैरकानूनी प्रकृति बुझ्न नसक्ने भई कुनै व्यक्तिले सो काम गरेमा निजले अपराध गरेको मानिने छैन ।

१२. मात लागेको व्यक्तिले गरेको काम अपराध नहुने:– मादक पदार्थबाट मात लागेको कारणले कुनै कामको दोषपूर्ण वा गैरकानूनी प्रकृति बुझ्न नसक्ने भई कुनै व्यक्तिले सो काम गरेमा निजले अपराध गरेको मानिने छैन ।

तर निजले स्वेच्छाले मादक पदार्थ प्रयोग गरेबाट मात लागेको रहेछ भने यो दफा लागू हुने छैन ।

१३. सम्मतिले गरेको काम अपराध नहुने:– ज्यान लिने वा गम्भीर चोट पुर्‍याउने नियत वा सो हुन सक्छ भन्ने ज्ञान नभई कसैले सोह्र वर्ष माथिको कुनै व्यक्तिको सम्मति लिई गरेको कुनै कामबाट सम्मति दिने व्यक्तिलाई कुनै क्षति पुग्न गए पनि सो काम अपराध मानिने छैन ।

१४. भलाइका लागि सम्मति लिएर असल नियतले गरेको काम अपराध नहुने:– कसैले कुनै व्यक्तिको भलाइका लागि निजको सम्मति लिई असल नियतले होशियारीसाथ गरेको कुनै कामबाट सम्मति दिने व्यक्तिलाई कुनै क्षति पुग्न गए पनि सो काम अपराध मानिने छैन ।

157

• आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. भलाइका लागि संरक्षकको सम्मति लिएर गरेको काम अपराध नहुनेः– सोह्र वर्ष ननाघेको वा मानसिक अस्वस्थताबाट पीडित भएको व्यक्तिको भलाइका लागि निजको संरक्षकले वा त्यस्तो संरक्षकको सम्मति लिएर अरू कसैले असल नियतले होशियारीसाथ गरेको कुनै कामबाट त्यस्ता व्यक्तिलाई कुनै क्षति पुग्न गए पनि सो काम अपराध मानिने छैन।

तर ज्यान जान वा गम्भीर चोट पुग्नबाट रोक्ने उद्देश्यले गरेकोमा बाहेक ज्यान जान सक्तछ भन्ने जानी जानी त्यस्तो कुनै काम गरेमा सो गर्ने व्यक्तिले आपराधिक दायित्व-बाट छुटकारा पाउने छैन।

१६. सम्मतिः– देहायका अवस्थामा दिइएको सम्मतिलाई यस परिच्छेदको प्रयोजनका लागि सम्मति मानिने छैनः–

(क) तथ्यको भ्रममा परी वा कुनै क्षतिको डरले कुनै व्यक्तिले सम्मति दिएकोमा सो सम्मति अनुसार काम गर्ने व्यक्तिलाई सो सम्मति त्यस्तो भ्रममापरी वा डरले दिइएको हो भन्ने कुरा थाहा छ वा निजलाई त्यस्तो विश्वास हुनु पर्ने कुनै मनासिव कारण छ भने,

(ख) मानसिक अस्वस्थताले वा मादक पदार्थबाट मात लागेको कारणले गर्दा सम्मति दिने व्यक्ति आफूले सम्मति दिएको कुराको प्रकृति र परिणाम बुझ्न नसक्ने अवस्थामा रहेछ भने, वा

(ग) सोह्र वर्ष मुनिका नाबालकले सम्मति दिएको हो भने।

१७. काम स्वयं अपराध भएमा अपवाद लागू नहुनेः– कसैलाई क्षति पुगेको वा क्षति पुर्‍याउने नियत वा सम्भावना भएको आधारमा कुनै काम अपराध ठहरिने वा नठहरिने नभई उद्देश्य वा परिणाम जे सुकै भए पनि सो काम गर्नु नै अपराध हुने रहेछ भने दफा १३, १४ र १५ लागू हुने छैनन्।

१८. सम्मति नलिएर असल नियतले भलाइका लागि गरेको काम अपराध नहुनेः– कुनै व्यक्ति सम्मति दिन नसक्ने अवस्थामा रहेछ र मौकामा सम्मति दिन निजको संरक्षक पनि कोही रहेनछ भने सम्मति नलिएर पनि निजको भलाइका लागि असल नियतले कसैले होशियारी-साथ गरेको कुनै कामबाट निजलाई कुनै क्षति पुग्न गएमा सो काम अपराध मानिने छैन।

तर ज्यान जान वा गम्भीर चोट पुग्नबाट रोक्ने उद्देश्यले गरेकोमा बाहेक ज्यान जान सक्तछ भन्ने जानी जानी त्यस्तो कुनै काम गरेमा सो गर्ने व्यक्तिले आपराधिक दायित्व-बाट छुटकारा पाउने छैन।

१९. भलाइः– दफा १४, १५ र १८ को प्रयोजनका लागि–

(क) आर्थिक भलाइलाई भलाइ मानिने छैन।

(ख) ज्यान लिने नियतले गरेको काम भलाइका लागि गरेको मानिने छैन।

153

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. अत्रसल नियतले दिएको जानकारीबाट क्षति पुगे पनि अपराध नहुनेः– क्षति पुऱ्याउने नियत नभई असल नियतले भलाइका लागि कसैले कसैलाई कुनै कुराको सूचना वा जानकारी दिएबाट सो सूचना वा जानकारी पाउने व्यक्तिलाई कुनै क्षति पुग्न गए पनि अपराध गरेको मानिने छैन ।

२१. डरत्रासमा पारी गराएको काम अपराध नहुनेः– कसैले कसैलाई निजको वा निजको नजिकका नातेदारको ज्यान लिने वा निजलाई वा निजको नजिकका नातेदारलाई गम्भीर चोट पुऱ्याउने डरत्रास देखाई कुनै काम गर्न लगाएको रहेछ र निजले तत्काल आफ्नो वा आफ्नो नजिकका नातेदारको ज्यान जाने वा आफूलाई वा आफ्नो नजिकको नातेदारलाई गम्भीर चोट पुग्ने मनासिब आशंकामा परी सो काम गरेको रहेछ भने निजले कुनै अपराध गरेको मानिने छैन ।

तर आफैंले गर्दा सो काम गर्ने व्यक्ति त्यस्तो डरत्रासको स्थितिमा पुगेकोमा वा निजले त्यस्तो डरत्रासबाट कसैको ज्यान लिएको वा मृत्यु दण्ड हुने राजकाजसम्बन्धी अपराध गरेकोमा निजले यस दफाबमोजिम आपराधिक दायित्वबाट छुटकारा पाउने छैन ।

२२. क्षति बचाउन असल नियतले गरेको काम अपराध नहुनेः– कसको ज्यू वा सम्पत्तिमा पुग्न सक्ने क्षति बचाउनको लागि सो क्षतिको प्रकृतिको र तत्काल केही नगरे उक्त क्षति पुगी नै हाल्ने सम्भावनाको विचारबाट उचित देखिने कुनै काम असल नियतले कसैले गरेकोमा सो कामबाट अरूलाई क्षति पुग्न सक्छ भन्ने जानी जानी गरेको हो भन्ने आधारमा मात्र त्यस्तो काम अपराध मानिने छैन ।

२३. निजी रक्षाको लागि गरेको काम अपराध नमानिनेः– दफा २६ र २८ बमोजिम निजी रक्षाको अधिकारको प्रयोगमा गरेको कुनै काम अपराध मानिने छैन ।

२४. अपराधी नहुने व्यक्तिले गरेको काम विरूद्ध पनि निजी रक्षाको अधिकार हुनेः– कुनै काम अपराध हुने तर उमेर नपुगेको, मानसिक अस्वस्थताबाट पीडित भएको वा मात लागेको व्यक्तिले गरेको वा तथ्यको भ्रममा परी गरेको हो भन्ने कारणबाट अपराध नहुने भए पनि अपराध सरह मानी त्यस्तो कामको विरूद्ध हरेक व्यक्तिलाई निजी रक्षाको अधिकार हुनेछ ।

२५. निजी रक्षाको अधिकारमा बन्देजः– (१) मृत्यु वा गम्भीर चोटको आशंका नभएको देहायको कुनै कामको विरूद्ध निजी रक्षाको अधिकार हुने छैनः–

(क) अदालतको फैसला गर्ने वा आदेश दिने अधिकार क्षेत्र नभएको भए पनि त्यस्तो अधिकार क्षेत्र थियो भनी असल नियतले विश्वास गरी अदालतको फैसला वा आदेश अनुसार कुनै राष्ट्रसेवकले असल नियतले गरेको वा गर्न उद्योग गरेको कुनै काम ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै राष्ट्रसेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले गरेको वा गर्न उद्योग गरेको कुनै काम ।

(ग) कुनै राष्ट्रसेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले दिएको निर्देशन अनुसार गरेको वा गर्न उद्योग गरेको कुनै काम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै व्यक्ति निजी रक्षाको अधिकारबाट वञ्चित हुने छैनः–

(क) उपदफा (१) को खण्ड (क) मा उल्लिखित काम गर्ने व्यक्ति राष्ट्रसेवक हो र अदालतको फैसला वा आदेश अनुसार काम गर्दछ भन्ने कुरा जानकारी हुने वा विश्वास पर्ने कारण नभएमा वा माग गर्दा पनि त्यस्तो काम गर्ने व्यक्तिले आफूले सो काम गर्न पाएको अधिकारपत्र नदेखाएमा,

(ख) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित काम गर्ने व्यक्ति राष्ट्रसेवक हो भन्ने कुरा जानकारी हुने वा विश्वास पर्ने कारण नभएमा, वा

(ग) उपदफा (१) को खण्ड (ग) मा उल्लिखित काम गर्ने व्यक्ति कुनै राष्ट्रसेवकको निर्देशनमा काम गरिरहेको हो भन्ने कुरा जानकारी हुने वा विश्वास पर्ने कारण नभएमा वा त्यस्तो निर्देशन अनुसार सो काम गर्न लागेको हो भन्ने कुरा निजले नबताएमा वा सो काम गर्न लिखित अधिकारपत्र भएकोमा माग गर्दा पनि सो अधिकार पत्र नदेखाएमा ।

(३) निजी रक्षाको लागि आवश्यकभन्दा बढी चोट वा क्षति पुऱ्याउने अधिकार हुने छैन ।

२६. <u>जीउको निजी रक्षाको अधिकारः</u>– (१) प्रत्येक व्यक्तिलाई जीउ विरूद्धको कुनै अपराधबाट आफ्नो वा अरू कसैको जीउको रक्षा गर्ने अधिकार हुनेछ ।

(२) देहायको आक्रमणको विरूद्ध निजी रक्षाको अधिकार प्रयोग गर्दा दफा २५ को बन्देजभित्र रही आक्रमणकारीको ज्यानसम्म लिन र अन्य सबै अवस्थामा ज्यान लिन बाहेक अरू चोट पुऱ्याउन हुन्छः–

(क) जुन आक्रमणबाट रक्षा नगर्दा परिणाममा मृत्यु वा गम्भीर चोटको आशंका हुन्छ त्यस्तो आक्रमण,

(ख) जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने नियतले गरेको आक्रमण,

(ग) अपहरण गर्ने वा अपहरण गरिएको व्यक्तिलाई सो कुरा जानी जानी गैरकानूनी थुनामा राख्ने वा लुकाउने,

(घ) थुनाबाट छुटकारा पाउनको लागि अधिकार प्राप्त अधिकारी समक्ष उजूर गर्न नपाउने अवस्थामा पारी गैरकानूनी थुनामा राख्ने उद्देश्यले गरेको आक्रमण, वा

२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) ज्यान मार्ने, मुक्ति शुल्क प्राप्त गर्ने, विदेश लैजाने वा गोप्य तवरले थुनामा राख्ने, स्वास्नी मानिसलाई निजको इच्छा विरुद्ध विवाह गर्न वा गैर कानूनी करणी गर्न कर लगाउने वा सो कुराको प्रलोभनमा पार्ने वा (१०) वर्षभन्दा मुनिको नाबालकलाई निजसँग रहेको चल सम्पत्ति चोरी गरिलिने नियतले अपहरण गर्न लागिएको भन्ने उचित आशंका हुने आक्रमण ।

(३) ज्यान जाने उचित आशंका भएको कुनै आक्रमणको विरुद्ध निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैले कुनै निर्दोष व्यक्तिलाई चोट पुग्न सक्ने खतरामा नपारी निजी रक्षाको अधिकार प्रभावकारी रूपले प्रयोग गर्न नसक्ने भएमा निजलाई त्यस्तो खतरा लिनेसम्मको अधिकार हुनेछ ।

२७. जीउको निजी रक्षाको अधिकारको प्रारम्भ र अन्तः– अपराध गर्ने उद्योग वा धम्कीबाट जीउलाई खतरा हुने उचित आशंका उत्पन्न भएदेखि जीउको निजी रक्षाको अधिकारको प्रारम्भ हुन्छ र जीउलाई खतरा हुने आशंका विद्यमान रहेसम्म सो अधिकार रही रहनेछ ।

२८. सम्पत्तिको निजी रक्षाको अधिकारः– (१) प्रत्येक व्यक्तिलाई चोरी, डकैती वा बिजाइँ र सो समावेश भएको कुनै अपराधको विरुद्ध आफ्नो वा अरू कसैको चल वा अचल सम्पत्तिको रक्षा गर्ने अधिकार हुनेछ ।

(२) देहायको अपराध वा त्यस्तो अपराध गर्ने उद्योगको विरुद्ध निजी रक्षाको अधिकार प्रयोग गर्दा दफा २५ को बन्देजभित्र रही अपराधीको ज्यान लिन वा निजलाई अरू चोट पुऱ्याउन र अन्य सबै अवस्थामा ज्यान लिन बाहेक अरू चोट पुऱ्याउन हुन्छः–

(क) डकैती,

(ख) निजी रक्षाको अधिकार प्रयोग नगर्दा परिणाममा मृत्यु वा गम्भीर चोट पुग्ने उचित आशंकाको अवस्थामा भएको चोरी वा बिजाइँ, वा

(ग) मानिस बस्ने, पूजा वा प्रार्थना गर्ने वा सम्पत्ति राखिने कुनै घर, झुपडी, पाल वा डुङ्गा वा कुनै सवारीको साधनमा आगो लगाई वा विष्फोटक पदार्थ राखी वा प्रयोग गरी गरिएको बिजाइँ ।

२९. सम्पत्तिको निजी रक्षाको अधिकारको प्रारम्भ र अन्तः– सम्पत्तिलाई खतरा हुने उचित आशंका भएदेखि सम्पत्तिको निजी रक्षाको अधिकारको प्रारम्भ हुन्छ र देहायको अवस्था भएसम्म सो अधिकार रही रहनेछः–

(क) डकैतीको विरुद्ध अपराधीले ज्यान लिने, चोट पुऱ्याउने वा गैरकानूनी थुनछेक गर्ने काम वा सो कुराको उद्योग गर्दासम्म वा तत्काल मृत्यु,चोट वा गैरकानूनी थुनछेकको त्रास रही रहेसम्म,

(ख) चोरी विरुद्ध अपराधीले सम्पत्ति लिई भागी जाने काम पूरा नगरेसम्म वा सो सम्पत्ति फिर्ता नदिएसम्म वा अधिकार प्राप्त अधिकारीबाट सहायता नलिएसम्म, वा

(ग) बिजाइँको विरुद्ध अपराधीले बिजाइँ गरी रहँदासम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. मामूली क्षति पुग्न गएकोमा अपराध नहुने:– साधारण समझ र मिजासका व्यक्तिले उजूर नगर्ने मामूली किसिमको क्षति रहेछ भने त्यस्तो क्षति पुगेको वा पुऱ्याउने नियत वा सम्भावना भएको कारणले कुनै काम अपराध मानिने छैन।

३१. अपराध गर्ने नियत नभई गरेको काम अपराध नहुने:– अपराध गर्ने नियत नभई उचित होशियारीसाथ असल नियतले गरेको कुनै काम अपराध मानिने छैन।

३२. अपराधको गम्भीरता अनुसार सजाय तोक्नु पर्ने:– अदालतले कानूनबमोजिम सजाय तोक्दा अन्य कुराहरूको अतिरिक्त देहायका कुराहरूको समेत विचार गरी अपराधको गम्भीरता अनुसार सजाय तोक्नुपर्छ:–

(क) अपराधको गम्भीरता बढाउने कुराहरू:–

(१) श्री ५ महाराजाधिराजका समक्ष वा राजदरबारमा अपराध गरेको।

(२) विश्वासको दुरुपयोग गरी अपराध गरेको।

(३) कुनै सार्वजनिक पदको लाभ उठाई अपराध गरेको।

(४) राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्य पालन गर्न लागेकोमा बाधा पुऱ्याउने वा निजलाई कुनै गैरकानूनी काम गर्न लगाउने नियतले अपराध गरेको।

(५) देवस्थलमा अपराध गरेको।

(६) पाँच वा पाँचभन्दा बढी व्यक्तिहरूले हूल बाँधेर अपराध गरेको।

(७) हूलदङ्गा वा भूकम्प भएको वा महामारी फैलिएको वा बाढी आएको वा त्यस्तै कुनै आपतको अवस्थामा अपराध गरेको।

(८) हातहतियार साथमा लिई अपराध गरेको वा हातहतियार लिएका मानिसको मद्दतबाट अपराध गरेको।

(९) अपराधीले पहिले पनि अपराध गरी सकेको।

(१०) पारितोषिक, आश्वासन वा ज्यालाको प्रलोभन पाएर अपराध गरेको।

(११) आफ्नो संरक्षणमा रहेको व्यक्तिका विरुद्ध अपराध गरेको।

(१२) योजना बनाएर अपराध गरेको।

(१३) कलिलो उमेर, वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएका व्यक्तिका विरुद्ध अपराध गरेको।

(ख) अपराधको गम्भीरता घटाउने कुराहरू:–

(१) अपराधीको उमेर २१ वर्षभन्दा कम वा ७० वर्षभन्दा माथि भएको।

256

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जति गम्भीर रूपको अपराध भएको छ त्यति गम्भीर अपराध गर्ने अपराधीको नियत नभएको ।

(३) जुन व्यक्तिका विरूद्ध अपराध भएको छ सो व्यक्तिले अपराधीलाई अपराध हुनुभन्दा तत्काल अघि उत्तेजना वा धम्की दिएको ।

(४) अपराधी वा निजको कुनै नजिकको नातेदारका विरूद्ध गरिएको कुनै गम्भीर अपराधको बदलाको रूपमा तत्काल अपराध भएको ।

(५) अपराधीले स्वेच्छाले अपराध स्वीकार गरेको ।

(६) अपराधीले सम्बन्धित अधिकारीका समक्ष आत्मसमर्पण गरेको ।

(७) बहिरो, अन्धो वा लाटो भएको वा अन्य शारीरिक दोष वा अस्वस्थताको कारणले गर्दा अपराधीको कार्य क्षमता वा इच्छा शक्ति कुण्ठित भएको ।

(८) पहिलो पटक अपराध गरेको ।

(९) अपराध गर्नुभन्दा पहिले अपराधीको स्वभाव, आचरण र जीवनी असल रहेको ।

परिच्छेद–३
सजायसम्बन्धी सामान्य व्यवस्था

३३. सजायको खण्डे हिसाबः– सजायको खण्डे हिसाब गर्नु पर्दा मत्यु दण्डलाई चालीस वर्ष र जन्म कैदलाई पच्चीस वर्ष कैद बराबर मान्नुपर्छ ।

३४. जरिवानाको उपल्लो हदः– कुनै अपराध गरे बापत हुन सक्ने जरिवानाको उपल्लो हद नतोकिएमा जुनसुकै हदसम्म पनि जरिवाना हुन सक्नेछ । तर अपराधीको वा अपराध गरेको अवस्थासंग नसुहाउने गरी अत्यधिक जरिवाना तोक्न हुँदैन ।

३५. जरिवाना बापतको कैदः– (१) जरिवानाको सजाय तोक्दा जरिवाना नतिरेमा सो नतिरे बापत कति समयको लागि कैद हुने हो भन्ने कुरा पनि अदालतले आफ्नो निर्णयमा तोक्नुपर्छ ।

(२) जुन अपराध गरे बापत जरिवानाको सजाय भएको छ सो अपराधमा कैदको सजाय समेत हुन सक्ने व्यवस्था रहेछ भने उपदफा (१) अन्तर्गत जरिवाना नतिरे बापतको कैद तोक्दा–

(क) चार वर्षभन्दा बढी अवधिका लागि कैद तोक्नु हुँदैन ।

(ख) सो अपराधमा हुन सक्ने कैदको सजायको अवधिभन्दा बढी अवधिको लागि कैद तोक्नु हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जुन अपराध गरे बापत जरिवाना भएको हो सो अपराधमा कैदको सजाय हुने नभई सिर्फ जरिवानाको मात्र सजाय हुने व्यवस्था रहेछ भने उपदफा (१) अन्तर्गत जरिवाना नतिरे बापत कैद तोक्दा एक हजार रूपैयाँसम्म जरिवाना भएकोमा छ महीनासम्म र सोभन्दा बढी जरिवाना भएकोमा छ महीनादेखि एक वर्षसम्म कैद तोकिनेछ ।

(४) जरिवाना नतिरे बापत कैदको सजाय पाएको व्यक्तिले केही समय कैद बसी सकेपछि जरिवाना तिर्न ल्याएमा वा असूल हुन आएमा निजलाई भएको जरिवाना र सो नतिरे बापत तोकिएको कैदको अवधिको अनुपातले कैद बसी सकेको दिनको जरिवाना मिनहा दिनुपर्छ ।

३६. नाबालकलाई सजायः– (१) आठ वर्ष माथिका तर बाह्र वर्ष ननाघेका नाबालकले कुनै अपराध गरेमा जरिवानाको सजाय मात्र हुने अपराध रहेछ भने हप्काई छाडी दिनुपर्छ । सो बाहेक अन्य कुनै सजाय हुने अपराध रहेछ भने सो अपराध उमेर पुगेको व्यक्तिले गरेको भए जति सजाय हुन्थ्यो सो सजायको एक तृतीयांश सजाय हुनेछ ।

तर कैदको सजाय गर्नु पर्दा छ महीनाभन्दा बढी कैदको सजाय दिइने छैन ।

(२) बाह्र वर्ष माथिको तर सोह्र वर्ष ननाघेको नाबालकले कुनै अपराध गरेमा मृत्यु दण्ड हुने अपराध रहेछ भने जन्मकैद र अरू कुनै सजाय हुने अपराध रहेछ भने सो अपराध उमेर पुगेको व्यक्तिले गरेको भए जति सजाय हुन्थ्यो सो सजायको आधा सजाय हुनेछ ।

३७. एउटा अपराधमा धेरै सजाय नहुनेः– (१) दुई वा सोभन्दा बढी कामहरू मिलेर कुनै अपराध बन्ने रहेछ र ती कामहरूमध्ये कुनै स्वयं पनि अलग अपराध हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने अपराधको मात्र सजाय हुनेछ ।

(२) एउटै काम विभिन्न ऐन अन्तर्गत अपराध हुने भएमा जुन ऐनले बढी सजाय तोकेको छ सोही सजाय मात्र हुनेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले अदालतलाई आफ्नो अधिकार क्षेत्र नभएको अपराधमा सजाय गर्ने अधिकार दिएको मानिने छैन ।

३८. सजाय घटाउन सक्ने न्यायाधीशको अधिकारः– कानूनबमोजिम मृत्यु दण्ड, सर्वस्व सहित जन्मकैद वा जन्मकैदको सजाय हुने भए पनि कुनै असाधारण परिस्थितिबाट विवस भई अपराधीले अपराध गरेको र सो परिस्थितिको विचार गर्दा सो सजाय चर्को हुने देखिएमा कारण उल्लेख गरी न्यायाधीशले घटी सजाय तोक्न सक्नेछ ।

३९. अपराधी ठहरिएको व्यक्तिलाई सार्वजनिक रूपमा निन्दा गर्नेः– (१) अदालतको अन्तिम निर्णयबाट अपराधी ठहरिएको व्यक्तिको नाम, ठेगाना र निजले गरेको अपराध तथा सजाय-

२६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को प्रकृति खोली प्रकाशित गराउन व्यापक सार्वजनिक हितको लागि उपयोगी हुन्छ भन्ने देखिएमा अदालतले समाचारपत्र वा अन्य कुनै माध्यमबाट प्रकाशित गराई सार्वजनिक रूपमा निन्दा गर्न निर्देश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक रूपमा निन्दा गर्दा लाग्ने खर्च जरिवाना सरह अपराधीबाट असूल गरिनेछ ।

परिच्छेद – ४
राजकाजसम्बन्धी अपराध

४०. राजपरिवार उपर आक्रमणः– श्री ५ महाराजाधिराज वा मौसूफकी पटबन्धा महारानी वा राजपरिवारका अन्य सदस्यलाई कसैले जोर जुलुम गरेमा वा थुनछेक गरेमा वा बल प्रयोग गरी त्रास देखाएमा वा सो गर्ने उद्योग गरेमा निजलाई मृत्यु दण्ड, जन्मकैद वा दश वर्षसम्म कैद हुनेछ ।

४१. सतीत्व नाशः– श्री ५ महाराजाधिराजकी पटबन्धा महारानी वा श्री ५ युवराज्ञी वा श्री ५ नव युवराज्ञीको कसैले सतीत्व नष्ट गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई मृत्यु दण्ड हुनेछ ।

४२. श्री ५ प्रति विद्रोहः– (१) कसैले श्री ५ महाराजाधिराज विरुद्ध हातहतियार उठाई विद्रोह गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा निजलाई मृत्यु दण्ड हुनेछ ।

(२) कसैले आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी श्री ५ को सरकारलाई पल्टाउने वा नेपालको सार्वभौमसत्तामा खलल पार्ने नियतले अव्यवस्था उत्पन्न गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा निजलाई जन्मकैद हुनेछ ।

(३) कसैले उपदफा (१) वा (२) अन्तर्गतको अपराध गर्ने षडयन्त्र रचेमा वा सो अपराध गर्ने नियतले मानिस, हातहतियार वा खरखजाना जम्मा गरेमा निजलाई दश वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

४३. शत्रु देशका सेनालाई सहायता गर्न नहुनेः– युद्ध स्थितिको घोषणा भए वा नभए पनि नेपाल अधिराज्यसंग लडाइँमा संलग्न रहेका कुनै विदेशी सेनालाई कसैले कुनै किसिमबाट सहायता गरेमा निजलाई जन्मकैद वा दश वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

४४. राजद्रोहः– (१) कसैले लेखेर वा वचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ महाराजाधिराज वा राजपरिवार प्रति घृणा, द्वेष वा अपहेलना गरे वा गराएमा वा सो गर्ने उद्योग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) कसैले लेखेर वा वचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ को सरकार प्रति घृणा, द्वेष वा अपहेलना गरे वा गराएमा वा सो गर्ने उद्योग गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकार प्रति घृणा, द्वेष वा अपहेलना नगरी नगराई वा सो गर्ने उद्योग नगरी कुनै सरकारी नीति वा प्रशासकीय काम कारवाई कानूनी तवरले परिवर्तन गराउने उद्देश्य लिई स्वस्थ एवं संयमपूर्ण भाषामा आलोचना गरेकोमा यो उपदफा अन्तर्गत अपराध गरेको मानिने छैन ।

(३) कसैले वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय वा अरू जुनसुकै आधारमा स्वतन्त्र एवं अविभाज्य नेपाल अधिराज्यको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अपहेलना उत्पन्न हुने काम कारवाई गरे वा गराएमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

४५. मित्रराष्ट्र प्रति विद्रोहः– कसैले नेपाल अधिराज्यको कुनै मित्रराष्ट्रका विरूद्ध हातहतियार उठाई विद्रोह गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा निजलाई सात वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

४६. मित्रराष्ट्रको राज्यभित्र लूटमार गर्न नहुनेः– कसैले नेपाल अधिराज्यको कुनै मित्रराष्ट्रको राज्यभित्र लूटमार गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा निजलाई सात वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

४७. सैनिक जवानलाई भडकाउन नहुनेः– कसैले नेपाल अधिराज्यको शाही सेनामा भर्ना भएका जवानलाई शाही सेना छाडी भाग्न वा अनुशासन भङ्ग गर्न दुरुत्साहन दिएमा वा कर्तव्य वा राजभक्तिबाट विचलित गराउने उद्योग गरेमा वा सेनाबाट भागेको व्यक्ति हो भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई त्यस्तो व्यक्तिलाई आश्रय दिएमा निजलाई दश वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

४८. जासूसीः– (१) कसैले नेपालको सार्वभौमसत्ता, सुरक्षा वा प्रादेशिक अखण्डतामा खलल पार्ने वा नेपालको हितमा कुनै प्रतिकूल असर पार्ने नियतले वा सो हुन सक्छ भन्ने जानी जानी कसैलाई नेपालको सैनिक स्थिति, सामरिक वा आन्तरिक सुरक्षाको व्यवस्था वा श्री ५ को सरकारको कूटनैतिक वा अन्य कुनै गोप्य लिखतसम्बन्धी कुनै सूचना दिएमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा त्यस्तो सूचना दिने नियतले अन्य कुनै काम गरेमा निजले जासूसी गरेको सम्झनुपर्छ ।

(२) नेपालको सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको सम्बन्धमा जासूसी गर्ने व्यक्तिलाई जन्मकैद वा चौध वर्षसम्म कैद र श्री ५ को सरकारको कूटनैतिक वा अन्य कुनै गोप्य लिखतका सम्बन्धमा जासूसी गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद हुनेछ ।

(३) जासूसी गर्न लागेको थाहा पाएर पनि श्री ५ को सरकारलाई सो कुराको जनाउ नदिने व्यक्तिलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–५

सार्वजनिक शान्ति विरुद्धको अपराध

४९. गैर कानूनी भेलाः– बलको प्रयोग वा प्रदर्शनद्वारा देहायको कुनै काम गर्ने साझा उद्देश्य भएका पाँच वा सोभन्दा बढी व्यक्तिहरूको भेलालाई गैर कानूनी भेला मानिनेछः–

(क) कानूनले तोकेको काम–कर्तव्य गर्न लाग्दा राष्ट्रसेवकलाई त्रास पार्ने, वा

(ख) कुनै कानून वा कानूनी कारवाईको कार्यान्वयनमा बाधा विरोध गर्ने, वा

(ग) कैदको सजाय हुने कुनै अपराध गर्ने, वा

(घ) कसैको सम्पत्ति लिने वा कसैलाई बाटो, पानी वा यस्तै अरू कुनै कुरा उपभोग गर्ने हकबाट वञ्चित गर्ने, वा

(ङ) कुनै व्यक्तिलाई कानूनले गर्न नहुने काम गर्न लगाउने वा कानूनले गर्न पाउने काम गर्न नदिने ।

५०. गैर कानूनी भेलाको सदस्य भएमा सजायः– कुनै व्यक्ति गैर कानूनी भेलाको सदस्य भएमा निजलाई हातहतियार नलिएको भए छ महीनासम्म र लिएको भए एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

५१. भङ्ग हुने आदेश भएको गैर कानूनी भेलाको सदस्य भएमा सजायः– गैर कानूनी भेलालाई अधिकार प्राप्त अधिकारीले भङ्ग हुने आदेश दिएपछि पनि त्यसमा सम्मिलित रही रहने वा सम्मिलित हुन आउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

५२. हूलदङ्गाः– कुनै गैर कानूनी भेला वा त्यसको कुनै सदस्यले भेलाको लक्ष्य प्राप्तिको प्रयत्नमा बल प्रयोग वा सम्पत्ति तोडफोड गरेमा सो भेलाको प्रत्येक सदस्यले हूलदङ्गा गरेको मानिनेछ ।

५३. हूलदङ्गा गरेमा सजायः– हूलदङ्गा गर्ने प्रत्येक व्यक्तिलाई जोखिमी हातहतियार नलिएको भए दुई वर्षसम्म र जोखिमी हातहतियार लिएको भए तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

५४. सार्वजनिक शान्ति खलल पार्न नहुनेः– (१) कसैले लेखेर वा वचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति वा भाषाको आधारमा नेपाल अधिराज्यका विभिन्न वर्ग वा क्षेत्रका जनताको सुसम्बन्धमा खलल पार्ने काम गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) कसैले उपदफा (१) अन्तर्गतको अपराध कुनै पूजा वा प्रार्थना गर्ने ठाउँ वा धार्मिक चाड वा समारोह भइरहेको ठाउँमा गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

३०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५५. गैरकानूनी भेलाको सबै सदस्य दोषी हुनेः– गैरकानूनी भेलाको कुनै सदस्यले सो भेलाको लक्ष्य प्राप्तिको प्रयत्नमा कुनै अपराध गरेमा अपराध हुँदाका बखत सो भेलाको सदस्य रहेका प्रत्येक सदस्यले सो अपराध गरेको मानिनेछ ।

५६. गैरकानूनी भेलामा सम्मिलित गराउने व्यक्ति सदस्य सरह मानिनेः– आफू सम्मिलित नरहे पनि कसैले कसैलाई ज्याला दिई वा अरू कुनै किसिमले गैर कानूनी भेलामा सम्मिलित गराएमा निज स्वयं पनि गैरकानूनी भेलाको सदस्य सरह मानिनेछ ।

५७. राष्ट्रसेवकलाई बाधा विरोध गरेमा सजायः– कुनै राष्ट्रसेवकले गैरकानूनी भेला भङ्ग गर्ने वा हूलदङ्गा रोक्ने आफ्नो कर्तव्यको पालन गर्दा कसैले जानी जानी बाधा विरोध पुऱ्याएमा वा पुऱ्याउने उद्योग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

५८. हूलदङ्गा गर्न उत्तेजना दिएमा सजायः– कसैले हूलदङ्गा गराउने नियतले वा हूलदङ्गा हुन सक्तछ भन्ने जानी जानी कुनै व्यक्तिलाई उत्तेजना दिएबाट हूलदङ्गा भएछ भने एक वर्षसम्म र हूलदङ्गा भएनछ भने छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

५९. हदम्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–६

राष्ट्रसेवकको अधिकारको अवहेलनासम्बन्धी अपराध

६०. समाह्वान इत्यादिको तामेलीमा बाधा पुऱ्याउन नहुनेः– कानूनबमोजिम समाह्वान, सूचना वा आदेश तामेल गर्न लागेको कुनै व्यक्तिलाई कसैले जानी जानी बाधा विरोध गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६१. समाह्वान इत्यादि च्यात्न वा उप्काउन नहुनेः– कानूनबमोजिम टाँसिएको समाह्वान, सूचना वा आदेश कसैले जानी जानी च्यातेमा वा उप्काएमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६२. समाह्वान, सूचना वा आदेश तामेल हुन नदिन भागी हिंड्न नहुनेः– अधिकार प्राप्त अधिकारीले जारी गरेको समाह्वान, सूचना वा आदेश जानी जानी तामेल हुन नदिनको लागि कुनै व्यक्ति भागी हिंडेमा निजलाई छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

६३. लिखत पेश गर्नु पर्नेः– कुनै राष्ट्रसेवकका समक्ष कुनै लिखत पेश गर्नु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले जानी जानी लिखत पेश नगरेमा निजलाई छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

303

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४. शपथ लिएको व्यक्तिले झुट्ठा कुरा व्यक्त गर्न नहुने:— अधिकार प्राप्त अधिकारीको समक्ष साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तव्य भएको वा शपथ लिएको व्यक्तिले जानी जानी झुट्ठा कुरा व्यक्त गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६५. शपथ ग्रहण गर्न इन्कार गर्न नहुने:— अधिकार प्राप्त अधिकारीले साँचो कुरा व्यक्त गर्न शपथ ग्रहण गर्ने आदेश दिएकोमा सोबमोजिम गर्न कसैले इन्कार गरेमा निजलाई छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

६६. साँचो कुरा व्यक्त गर्न इन्कार गर्न नहुने:— कुनै अधिकार प्राप्त अधिकारीका समक्ष कुनै विषयमा साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तव्य भएका व्यक्तिले सो विषयमा सो अधिकारीले सोधेको प्रश्नको जवाफ दिन इन्कार गरेमा निजलाई छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

६७. झुट्ठा खबर दिन नहुने:— कुनै राष्ट्रसेवकलाई निजले गर्नु पर्ने काम नगर्न लगाउने वा गर्न नपर्ने वा गर्न नहुने काम गर्न लगाउने वा आफू वा अरू कसैलाई अनुचित लाभ वा क्षति पुऱ्याउने नियतले कसैले जानी जानी झुट्ठा खबर दिएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६८. बयानमा सहीछाप गर्न इन्कार गर्न नहुने:— कसैले अधिकार प्राप्त अधिकारीका समक्ष आफूले दिएको बयान लेखिएको लिखतमा सो अधिकारीले सहीछाप गर्न आदेश दिएकोमा सहीछाप नगरेमा निजलाई छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

६९. लीलाम बिक्रीमा बाधा विरोध गर्न नहुने:— कानूनबमोजिम हुन लागेको कुनै सम्पत्तिको लीलाम वा बिक्रीमा कसैले जानी जानी बाधा विरोध गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७०. सरकारी कर्मचारीलाई बाधा विरोध गर्न नहुने:— यो संहिता वा अन्य प्रचलित नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो पदीय कर्तव्यको पालन गर्न लागेको कुनै सरकारी कर्मचारीलाई कसैले जानी जानी बाधा विरोध गरेमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७१. राष्ट्रसेवकलाई मद्दत दिने कर्तव्यको पालन गर्नु पर्ने:— कुनै राष्ट्रसेवकले आफ्नो पदसम्बन्धी काम गर्दा सो काममा मद्दत दिनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले सोबमोजिम मद्दत नदिएमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७२. राष्ट्रसेवकको आदेशको अवज्ञा गर्न नहुने:— कसैले अधिकार प्राप्त अधिकारीको आदेश हो भन्ने जानी जानी सो आदेशानुसार गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

304

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७३. हद म्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–७

झुट्ठा प्रमाणसम्बन्धी र सार्वजनिक न्याय विरुद्धको अपराध

७४. झुट्ठा कुरा व्यक्त गर्न नहुनेः– न्यायिक कारवाईमा साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तव्य भएको वा शपथ लिएको व्यक्तिले जानी जानी झुट्ठा कुरा व्यक्त गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७५. झुट्ठा प्रमाण बनाउन नहुनेः– यो संहितामा अन्यत्र अन्यथा व्यवस्था भएकोमा बाहेक न्यायिक वा अन्य कानूनी कारवाईमा प्रमाणको रूपमा प्रयोग गराउने नियतले कसैले कुनै झुट्ठा स्थितिको सृजना गरेमा, कुनै झुट्ठा लिखत बनाएमा वा कुनै लिखतमा झुट्ठा कुरा जनाएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७६. प्रमाणको लिखत नाश गर्न नहुनेः– न्यायिक वा अन्य कानूनी कारवाईमा कुनै लिखत प्रमाणको रूपमा पेश गर्ने कानूनी कर्तव्य भएको व्यक्तिले जानी जानी त्यस्तो लिखत नष्ट गरेमा, केरमेट गरी नबुझिने पारेमा वा अन्य कुनै प्रकारले प्रमाणमा प्रयोग गर्न नमिल्ने पारी दिएमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७७. झुट्ठा प्रमाण प्रयोग गर्न नहुनेः– झुट्ठा प्रमाण हो भन्ने जानी जानी कसैले त्यस्तो झुट्ठा प्रमाणलाई साँचो प्रमाणको रूपमा प्रयोग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७८. झुट्ठा प्रमाणपत्र दिन नहुनेः– कुनै कुराको सम्बन्धमा ज्ञापन गर्ने वा प्रमाणपत्र दिने कर्तव्य भएको व्यक्तिले ज्ञापन गर्दा वा प्रमाणको रूपमा प्रयोग हुन सक्ने प्रमाण पत्र दिंदा जानी जानी झुट्ठा कुरा उल्लेख गरी ज्ञापन गरेमा वा प्रमाणपत्र दिएमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

७९. झुट्ठा प्रमाण पत्र प्रयोग गर्न नहुनेः– झुट्ठा प्रमाण पत्र हो भन्ने जानी जानी कसैले त्यस्तो झुट्ठा प्रमाणपत्रलाई साँचो प्रमाणपत्रको रूपमा प्रयोग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

८०. अपराधको प्रमाण दबाउन नहुनेः– कसैले कुनै अपराधीलाई बचाउने नियतले अपराध-सम्बन्धी कुनै प्रमाण दबाएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८१. बयान दिन साक्षीलाई रोक्न नहुने:– कसैले कुनै व्यक्तिलाई घूस दिई वा अरू कुनै भ्रष्ट तरीका अपनाई कानूनद्वारा अधिकार प्राप्त राष्ट्रसेवकका समक्ष साक्षीको रूपमा बयान दिनबाट रोकेमा वा रोक्ने उद्योग गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

८२. अपराधीलाई लुकाउन नहुने:– कुनै अपराधीलाई पक्राउ वा कानूनले हुने सजायबाट बचाउने नियतले कसैले लुकाएमा निजलाई देहायबमोजिम सजाय हुनेछ :–

(क) मृत्यु दण्डको सजाय हुन सक्ने अपराधको अपराधीलाई लुकाएको भए पाँच वर्ष सम्म कैद र जरिवाना,

(ख) जन्मकैद वा दश वर्षसम्म कैदको सजाय हुन सक्ने अपराधको अपराधीलाई लुकाएको भए तीन वर्षसम्म कैद र जरिवाना र

(ग) अन्य अपराधको अपराधीलाई लुकाएको भए सो अपराधमा हुन सक्ने कैदको उपल्लो हदको चार खण्डको एक खण्डसम्म कैद वा जरीवाना वा दुबै ।

तर अपराधीको बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरी, दाजु, भाइ, दिदी वा बहिनीले लुकाएकोमा यो दफा लागू हुने छैन ।

८३. अपराध बारे खबर दिनु पर्ने कर्तव्य छाड्न नहुने:– कुनै अपराध भएको वा हुन लागेको छ भन्ने थाहा पाई सो अपराध बारे खबर दिनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले खबर नदिएमा वा कुनै अपराध भएको थाहा पाएको व्यक्तिले जानी जानी झुट्टा खबर दिएमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

८४. जफत वा भरिभराउ हुने भएको सम्पत्ति लुकाउन नहुने:– अदालत वा अधिकार प्राप्त अन्य कुनै अधिकारीको निर्णय अनुसार जफत वा भरिभराउ हुने भएको सम्पत्ति वा त्यस्तो सम्पत्ति उपरको अधिकार जोगाउने नियतले कसैले त्यस्तो सम्पत्ति वा अधिकार दबाएमा, हस्तान्तरण गरेमा, हस्तान्तरण गराई लिएमा वा दाबी गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

८५. झुट्टा मुद्दा चलाउन नहुने:– कसैलाई क्षति पुऱ्याउने वा झिझ्याउने नियतले कुनै न्यायिक कारवाई गर्ने अधिकारीका समक्ष झुट्टा कुराको दाबी लिई वा अभियोग लगाई कसैले मुद्दा चलाएमा निजलाई देहायबमोजिम सजाय हुनेछ:–

(क) देवानी मुद्दा भए छ महीनासम्म कैद वा जरीवाना वा दुबै र

(ख) फौजदारी मुद्दा भए जुन अपराधको झूठो अभियोग लगाएको हो सो अपराधमा हुन सक्ने सजायको उपल्लो हदको आधासम्म ।

८६. जमानतको शर्त बखिलाप अनुपस्थित हुन नहुने:– कुनै अपराधको अभियोग लागि जमानतमा छुटेको व्यक्ति जमानतको शर्तबमोजिम अदालतमा उपस्थित नभएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

३०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरणः– (क) अभियोग लागेको व्यक्ति कुनै अपराधको अपराधी ठहरिएमा सो अपराधमा हुने सजायमा यस दफाबमोजिमको सजाय समेत थप हुनेछ ।

(ख) अभियोग लागेको व्यक्तिले धन जमानी वा जेथा जमानी दिएको भए त्यस सम्बन्धमा प्रचलित कानूनबमोजिम अन्य कारवाई समेत गरिनेछ ।

८७. पक्राउको विरोध गर्न वा थुनाबाट भाग्न नहुनेः– कानूनबमोजिम पक्राउमा पर्ने भएका व्यक्तिले पक्राउबाट बच्नका लागि जानी जानी बाधा विरोध गरेमा वा कानूनबमोजिम थुनामा रहेको व्यक्ति थुनाबाट भागेमा वा भाग्न उद्योग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

८८. पक्राउबाट बचाउन वा थुनाबाट भगाउन नहुनेः– कानूनबमोजिम पक्राउमा पर्ने भएको व्यक्तिलाई पक्राउबाट बचाउनका लागि कसैले जानी जानी बाधा विरोध गरेमा वा कानूनबमोजिम थुनामा रहेको व्यक्तिलाई जानी जानी भगाएमा वा भाग्न मद्दत दिएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

८९. झिझ्याहट पूर्ण तलाशी गर्न नहुनेः– कुनै ठाउँमा तलाशी गर्ने वा गराउने कानूनद्वारा अधिकार प्राप्त व्यक्तिले कसैलाई अनुचित झिझ्याहट हुने गरी तलाशी गरेमा वा गराएमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

९०. हद म्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–८

भ्रष्टाचारसम्बन्धी अपराध

९१. राष्ट्रसेवकले घूस लिएमा सजायः– कुनै राष्ट्रसेवकले वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो पदसम्बन्धी कुनै काम गर्न वा नगर्न वा त्यस्तो कुनै काम गरे वा नगरे बापत आफ्नो वा अरू कसैको लागि घूस लिएमा वा लिन मञ्जूर गरेमा वा लिन उद्योग गरेमा निजलाई छ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

स्पष्टीकरणः– (क) यो दफा र दफा ९२ र ९३ को प्रयोजनका लागि "घूस" भन्नाले जुनसुकै प्रकारको अनुचित लाभलाई सम्झनुपर्छ ।

(ख) गर्ने वा नगर्ने नियत भएर पनि कुनै काम गरी दिन्छु वा गरी दिन्न भनी वा कुनै काम गरेर वा नगरेर पनि त्यसको विपरीत सो काम गरी दिएँ वा गरी दिइन भनी घूस लिएको, दिएको वा लिन दिन मञ्जूर गरेको वा लिन दिन उद्योग गरेकोमा पनि यो दफा, दफा ९२ र ९३ बर्खिलाप काम गरेको मानिनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२. घूस दिएमा सजायः– कुनै राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिबाट निजको पदसम्बन्धी कुनै काम गराउन वा नगराउन वा कुनै राष्ट्रसेवकले त्यस्तो कुनै काम गरी दिए वा नगरी दिए बापत कसैले घूस दिएमा, दिन मञ्जूर गरेमा वा दिन उद्योग गरेमा निजलाई छ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६३. राष्ट्रसेवकबाट कुनै काम गराउन घूस लिएमा सजायः– आफ्नो वा अरू कसैको व्यक्तिगत प्रभावको उपयोग गरी वा अनुचित प्रलोभन दिई कुनै राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिबाट निजको पदसम्बन्धी कुनै काम गराउन वा नगराउन वा कुनै राष्ट्रसेवकबाट त्यस्तो कुनै काम गराए वा नगराए बापत कसैले आफ्नो वा अरू कसैको लागि कसैसंग घूस लिएमा वा लिन उद्योग गरेमा निजलाई छ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६४. राष्ट्रसेवकले अनुचित मुलाहिजा गरेमा सजायः– कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालनमा कसैलाई कुनै प्रकारको अनुचित मुलाहिजा वा पक्षपात गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६५. राष्ट्रसेवकले उचित मूल्य नतिरी कुनै वस्तु लिएमा सजायः– कुनै राष्ट्रसेवकले वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो वा आफ्नो मातहतका कुनै राष्ट्रसेवकको पदसम्बन्धी कुनै काममा कुनै प्रकारको स्वार्थ भएको व्यक्तिसंग जानी जानी उचित मूल्य नतिरी कुनै वस्तु लिएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६६. लीलाम, बिक्री वा वितरण हुन लागेको सम्पत्ति लिएमा सजायः– लीलाम, बिक्री वा वितरण हुन लागेको कुनै सम्पत्ति खरीद गर्न वा लिन नहुने गरी कानूनद्वारा बन्देज लगाइएको कुनै राष्ट्रसेवकले वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले त्यस्तो सम्पत्ति आफ्नो वा अरू कसैको नाममा खरीद गरेमा वा लिएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६७. राष्ट्रसेवकले कसैलाई अनुचित लाभ वा क्षति पुऱ्याएमा सजायः– कुनै राष्ट्रसेवकले आफू वा अरू कसैलाई अनुचित लाभ वा कसैलाई अनुचित क्षति पुऱ्याउने नियतले कानून वा आफ्नो पदीय कर्तव्यको जानी जानी पालन नगरेमा वा पदीय सुविधा वा अधिकारको जानी जानी दुरूपयोग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

६८. नपाएको ओहदा वा अधिकार प्रयोग गर्न नहुनेः– कसैले आफूले नपाएको कुनै राष्ट्रसेवकको ओहदा, त्यसको सुविधा वा अधिकार बदनियतसाथ प्रयोग गरेमा वा सो गर्न उद्योग गरेमा वा कुनै राष्ट्रसेवकको ओहदासम्बन्धी चिह्न, पोशाक वा निस्सा लगाई वा देखाई हिंडेमा वा राष्ट्रसेवक हो भन्ने भान पार्ने नियतले त्यस्तो चिह्न, पोशाक वा निस्सा जस्ती देखिने कुनै कुरा लगाई वा देखाई हिंडेमा निजलाई चार वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९९. योग्यता, नाम इत्यादि ढाँट्न नहुनेः– कसैले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने नियतले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीन पुस्ते, उमेर, थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई छ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

१००. आफ्नो जिम्मामा भएको सम्पत्ति मास्न नहुनेः– कुनै राष्ट्रसेवकले आफ्नो पदीय काम कुरा गर्दा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको श्री ५ को सरकार वा कुनै व्यक्ति वा कुनै संस्थाको चल वा अचल कुनै सम्पत्ति बदनियतसाथ मासेमा, निजी व्यवहारमा प्रयोग गरेमा वा सो कुराको उद्योग गरेमा निजलाई छ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

१०१. हद म्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले छ महीना नाघेपछि उजूर लाग्ने छैन।

परिच्छेद–९

सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका अपराध

१०२. सरूवा रोग फैलाउने सम्भव भएको काम गर्न नहुनेः– कुनै कामबाट ज्यानमा खतरा पुऱ्याउन सक्ने सरूवा रोग फैलिन सक्छ भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई कसैले त्यस्तो काम गरेमा निजलाई देहायबमोजिम सजाय हुनेछः–

(क) लापरवाहीसाथ गरेको भए एक वर्षसम्म कैद वा जरिवाना वा दुवै र

(ख) त्यस्तो रोग फैलाउने नियतले गरेको भए पाँचवर्षसम्म कैद वा जरिवाना वा दुवै।

१०३. सरूवा रोगसम्बन्धी नियमको उल्लङ्घन गर्न नहुनेः– कसैले सरूवा रोगको सम्बन्धमा अधिकार प्राप्त अधिकारीबाट जारी गरेको नियम वा आदेशको उल्लङ्घन हुने गरी कुनै काम गरेमा निजलाई छ महीनासम्म कैद वा एकहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

१०४. बिक्री हुने, खाने वा पिउने वस्तुहरूमा मिसावट गर्न नहुनेः– कसैले खाने वा पिउने वस्तु भनी बिक्री गर्ने नियतले वा बिक्री हुन सक्छ भन्ने जानी जानी खाने वा पिउने वस्तुमा कुनै हानिकारक वस्तु मिसाएमा वा मिसावट भएको भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई त्यस्तो वस्तु बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा निजलाई पाँच वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

१०५. भान पारी बिक्री-वितरण गर्न नहुनेः– कमसल माललाई असल माल हो भनी वा एउटा वस्तुलाई अर्को वस्तु हो भन्ने भान पारी वा कुनै वस्तुमा सो वस्तुको स्तर घट्ने गरी मिसावट गरी सो कुरा नबताई कसैले बिक्री-वितरण गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

308

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०६. औषधीमा मिसावट गर्न वा त्यस्तो औषधी बिक्री गर्न नहुने:– शुद्ध औषधी सरह बिक्री वा प्रयोग गराउने नियतले वा त्यसरी बिक्री वा प्रयोग गरिने सम्भव छ भन्ने जानी जानी औषधीको प्रभाव घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधीमा मिसावट गरेमा वा त्यस्तो मिसावट भएको औषधी हो भन्ने जानी जानी बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा वा उपचारको निमित्त कसैलाई दिएमा वा मिसावटको सम्बन्धमा जानकारी नभएका कुनै व्यक्तिलाई त्यस्तो औजधी सेवन गर्न लगाएमा निजलाई देहायबमोजिम सजाय हुनेछ:–

(क) ज्यानलाई खतरा पुग्ने सम्भावना भएमा जन्मकैद वा दश वर्षसम्म कैद र जरिवाना,

(ख) शरीरको कुनै अङ्गको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद वा जरिवाना वा दुबै र

(ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरिवाना वा दुबै ।

१०७. पानी दूषित पार्न नहुने:– (१) मानिसले पिउने पानीलाई पिउन नहुने गरी कसैले दूषित पारेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) पिउने बाहेक अन्य कुनै काममा प्रयोग हुने पानीलाई सो काममा प्रयोग गर्न नहुने गरी कसैले दूषित पारेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१०८. वायुमण्डल दूषित पार्न नहुने:– अरूको स्वास्थ्यमा क्षति हुने गरी कसैले कुनै ठाउँको वायुमण्डल जानी जानी दूषित पारेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१०९. सार्वजनिक स्थलमा खतरा वा बाधा पुऱ्याउन नहुने:– कसैले कुनै काम गरी वा आफ्नो वा आफ्नो जिम्मामा रहेको सम्पत्तिको उचित बन्दोवस्त नगरी सार्वजनिक बाटो वा नदी वा अन्य कुनै सार्वजनिक स्थलमा कसैलाई कुनै खतरा वा बाधा पुऱ्याएमा निजलाई जरिवाना हुनेछ ।

११०. विषालु वा विष्फोटक पदार्थ इत्यादि प्रयोग गर्दा लापरवाही गर्न नहुने:– ज्यू वा ज्यानमा खतरा हुने वा अरू कुनै क्षति पुग्न सक्ने गरी कसैले विषालु पदार्थ वा आगो वा तुरुन्त आगलागी हुन सक्ने कुनै वस्तु वा विष्फोटक पदार्थ वा हतियार वा यन्त्र प्रयोग गर्दा लापरवाहीसाथ कुनै काम गरेमा वा आफूसंग भएको वा आफ्नो कब्जा वा जिम्मामा रहेको त्यस्तो वस्तुबाट ज्यान जान सक्ने खतरा बचाउन आवश्यक बन्दोवस्त जानी जानी नगरेमा वा त्यस्तो बन्दोवस्त गर्नमा लापरवाही गरेमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

390

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१११. घर भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्न नहुने:– कसैले घर भत्काउँदा वा मर्मत गर्दा घर ढली वा केही भाग खसी त्यसबाट कसैको ज्यान जान वा कसैलाई गम्भीर चोट पुग्न सक्ने खतरा बचाउन आवश्यक बन्दोवस्त जानी जानी नगरेमा वा त्यस्तो बन्दोवस्त गर्न लापरवाही गरेमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

११२. चौपाया राख्दा लापरवाही गर्न नहुने:– कसैले आफ्नो वा आफ्नो जिम्माको कुनै चौपाया राख्दा त्यसबाट कसैको ज्यान जान सक्ने वा कसैलाई चोट पुग्न सक्ने खतरा बचाउन आवश्यक बन्दोबस्त जानी जानी नगरेमा वा त्यस्तो बन्दोबस्त गर्न लापरवाही गरेमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

११३. चौपाया छाडा छाड्न नहुने:– कसैले आफ्नो वा आफ्नो जिम्माको कुनै चौपाया अर्काको घर जग्गामा वा बाटो-घाटो वा सार्वजनिक स्थलमा छाडा छाडेमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना हुनेछ ।

११४. अभद्र व्यवहार गर्न नहुने:- कसैले सार्वजनिक स्थलमा वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गरी अभद्र व्यवहार गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

११५. लापरवाहीसाथ सवारी चलाउन नहुने:– कसैको जीउ, ज्यान वा सम्पत्तिमा क्षति पुग्न सक्ने गरी कसैले कुनै सार्वजनिक बाटो वा स्थलमा लापरवाहीसाथ सवारी चलाएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

११६. वेश्यावृत्तिबाट आर्थिक लाभ उठाउन नहुने:– कसैले कसैलाई वेश्यावृत्तिमा लगाई आफ्नो वा अरू कसैको लागि आर्थिक लाभ उठाएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

११७. वेश्यागमनको प्रचार गर्न नहुने:– कसैले कसैलाई वेश्यागमनको लागि सार्वजनिक स्थानमा खुलारूपले आग्रह वा प्रचार गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

११८. अश्लील किताब, पर्चा इत्यादि बनाउन वा बिक्री गर्न नहुने:– (१) कसैले–

(क) कामोत्तेजना बढाउने वा काम वासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै किताब, पर्चा, रेखाचित्र, तस्वीर, रेकर्ड वा अरू कुनै वस्तु बनाएमा, मुद्रण गरेमा वा प्रकाशित गरेमा, वा

(ख) त्यस्तो कुनै वस्तु खरीद-बिक्री वा वितरण गरेमा वा भाडामा दिएमा वा सर्वसाधारणलाई देखाएमा वा सो गर्ने नियतले आफ्नो साथमा राखेमा, वा

(ग) कुनै व्यक्तिबाट त्यस्तो वस्तु कुनै किसिमले प्राप्त हुन सक्छ भनी विज्ञापन दिएमा, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) त्यस्तो कुनै वस्तुको निकासी वा पैठारी गरेमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) बैज्ञानिक, कलात्मक वा साहित्यिक महत्व वा अभिरूचीको वा धार्मिक प्रयोजनका लागि राखिएको वा बनाइएको कुनै कृतिको हकमा उपदफा (१) लागू हुने छैन ।

११९. बिक्री गर्ने सामान बिक्री नगरी थुपार्न नहुनेः– बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित मुनाफा लिने नियतले कसैले त्यस्तो माल संग्रह गरी बिक्री नगरी थुपारेमा निजलाई पाँच वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१२०. नाजायज नाफा लिन नहुनेः– कुनै माल-वस्तुको व्यापार गर्ने व्यक्तिले अभावको लाभ उठाई सो माल-वस्तु अनुचित नाफा लिई बिक्री गरेमा निजलाई पाँच वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१२१. अर्काको सामाजिक रीति–स्थितिमा खलल पार्न नहुनेः– कसैले अर्काको सामाजिक रीति-स्थितिमा खलल पार्ने वा हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम गरे वा गराएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१२२. सार्वजनिक उपद्रवाः– अन्य अपराधको रूपमा सजाय हुने व्यवस्था भएकोमा बाहेक कसैले कुनै काम गर्दा वा कानूनले गर्नु पर्ने कुनै काम नगर्दा त्यसबाट छरछिमेकमा बसेका वा सम्पत्ति भएका मानिसलाई वा सर्वसाधारणलाई अनुचित क्षति वा खतरा पुगेमा वा झिझ्याहट भएमा निजलाई जरिवाना हुनेछ ।

१२३. हद म्यादः– दफा १०६, ११०, १११, ११२, ११३, ११४, ११५, १२१ र १२२ अन्तर्गतको अपराधमा सो अपराध भएको मितिले र यस परिच्छेद अन्तर्गतको अन्य अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–१०

ज्यानसम्बन्धी अपराध

१२४. ज्यान मार्ने नियतले कुनै काम गर्दा ज्यान गएमा सजायः– ज्यान मार्ने नियतले कुनै काम गरी कसैले कसैको ज्यान मारेमा निजलाई जन्मकैद हुनेछ ।

स्पष्टीकरणः– यस दफा र दफा १२४, १२५ र १२६ को प्रयोजनका लागि–

(क) कसैले कसैको ज्यान जान सक्ने काम गरेकोमा तत्कालै सो व्यक्तिको ज्यान नगई सोही कामको परिणामस्वरूप पछि ज्यान गए पनि निजले सो व्यक्तिको ज्यान मारेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) शारीरिक कमजोरी वा कुनै बिमारीले पीडित व्यक्तिलाई कसैले कुनै काम गरी छिटो मृत्यु गराई दिए पनि निजले सो व्यक्तिको ज्यान मारेको मानिनेछ ।

(ग) गर्भको बच्चाको ज्यान मारेकोमा मानिसको ज्यान मारेको मानिने छैन ।

१२५. साधारणतः ज्यान जाने कुनै काम गर्दा ज्यान गएमा सजायः– कुनै कामबाट साधारणतः ज्यान जान्छ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कारण भई कसैले सो काम गरेछ र त्यसबाट कसैको ज्यान गएछ भने निजलाई जन्मकैद वा चौध वर्षसम्म कैद हुनेछ ।

१२६. गम्भीर उत्तेजना वा रीसको आवेश इत्यादिबाट ज्यान लिएमा सजायः– दफा १२४ र १२५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा ज्यान लिने व्यक्तिलाई दश वर्ष-सम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछः–

(क) कसैले एकाएक गम्भीर उत्तेजना दिलाउने कुनै काम गरेबाट आत्म संयमको शक्ति हराई सो उत्तेजना दिलाउने व्यक्तिको वा भ्रमवश अरू कसैको ज्यान लिएको वा त्यस्तो उत्तेजनामा परी कुनै काम गर्दा संयोगवश अरू कसैको ज्यान गएको ।

तरः–

(१) कसैले कानूनको पालनमा वा निजी रक्षाको अधिकारको प्रयोगमा वा कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालनमा गरेको वा गर्न लागेको कुनै कामबाट कुनै व्यक्ति उत्तेजित हुन गएकोमा यो खण्ड लागू हुने छैन ।

(२) कसैलाई कुनै क्षति पुऱ्याउने नियतले अपराधीले स्वयं कसैलाई उत्तेजित गराएको र त्यसरी उत्तेजित भई सो व्यक्तिले गरेको कामबाट अपराधी आफै उत्तेजनामा परी ज्यान लिएकोमा यो खण्ड लागू हुने छैन ।

(ख) बचाउकालागि आवश्यकभन्दा बढी क्षति पुऱ्याउने नियत भएकोमा बाहेक निजी रक्षाको अधिकारको प्रयोगमा कुनै काम गर्दा सो अधिकारको सीमा नाघन गई कसैको ज्यान मरेको ।

(ग) एकाएक उठेको कुनै झगडामा रीस उठी रीसको आवेशमा कसैको ज्यान लिएको ।

तर इबी लिएर वा सोच–विचार गरेर वा आफ्नो स्थितिको अनुचित लाभ उठाएर ज्यान लिएकोमा वा असाधारण रूपमा निर्दयतापूर्वक ज्यान लिएकोमा यो खण्ड लागू हुने छैन ।

393

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२७. लापरवाहीसाथ वा दुस्साहस गरी काम गर्दा ज्यान गएमा सजायः– दफा १२५ लागू हुने अवस्थामा बाहेक कसैले लापरवाहीसाथ वा दुस्साहस गरी कुनै काम गर्दा त्यसबाट कसैको ज्यान गएको रहेछ भने निजलाई दश वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

१२८. ज्यान लिने उद्योग गर्न नहुनेः– (१) कसैले कसैको ज्यान लिने उद्योग गरेमा दश वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गतको अपराधको परिणामस्वरूप कसैलाई गम्भीर चोट पुगेको रहेछ भने सो चोट बापतको सजाय थप हुनेछ ।

१२९. आत्महत्याको दुरुत्साहन दिन नहुनेः– कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिएमा निजलाई दश वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

१३०. गर्भ तुहाउन नहुनेः– (१) कसैले गर्भ तुहाउने नियतले वा गर्भ तुहीन सक्तछ भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहीन गएमा निजलाई तीन महीनासम्मको गर्भ रहेछ भने दुई वर्षसम्म कैद, तीन महीनादेखि छ महीनासम्मको गर्भ रहेछ भने पाँच वर्षसम्म कैद र छ महीनाभन्दा बढीको गर्भ रहेछ भने सात वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

तर देहायको अवस्थामा योग्यता प्राप्त चिकित्सकले गर्भपात गराएकोमा यो उपदफा अन्तर्गतको अपराध गरेको मानिने छैन ।

(क) गर्भ बोक्ने स्वास्नी मानिसको मञ्जूरीले तीन महीनासम्मको गर्भपात गराएकोमा ।

(ख) गर्भ पतन नगराएमा गर्भ बोक्ने स्वास्नी मानिसको ज्यानमा खतरा पुग्न सक्तछ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्तछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने योग्यता प्राप्त चिकित्सकको राय भई स्वास्नी मानिसको मञ्जूरीले गर्भपात गराएकोमा ।

(ग) जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको छ महीनासम्मको गर्भ स्वास्नी मानिसको मञ्जूरीले गर्भपात गराएकोमा ।

स्पष्टीकरणः– गर्भ तुहाउने काम गर्दा तत्काल गर्भ नतुही बच्चा जिउँदो जन्मी सो कामको परिणामस्वरूप मरेमा यस उपदफाको प्रयोजनका लागि गर्भ तुहाएको मानिनेछ ।

(२) कसैले कुनै गर्भवती स्वास्नी मानिसको ज्यान लिने उद्योग गर्दा सो स्वास्नी मानिस नमरे पनि छ महीना वा सोभन्दा बढी अवधिको गर्भभित्रको बच्चा मर्न गएमा निजलाई पाँच वर्षसम्म थप कैद हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३१. निस्सहायको परित्याग गर्न नहुने:– हेरचाह वा स्याहार-सम्भार गर्ने कर्तव्य भएको व्यक्तिले कुनै नाबालक, अशक्त रोगी वा वृद्ध मानिसलाई ज्यू ज्यानमा खतरा पुग्न सक्ने गरी बेवास्ता गरी छाडेमा निजलाई पाँच वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

तर यस्तो अपराधबाट सम्बन्धित नाबालक, रोगी वा वृद्ध मानिस मर्न गएमा दश वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

१३२. हद म्याद:– यस परिच्छेद अन्तर्गतका अपराधमा देहायको म्याद नाघेपछि उजूर लाग्ने छैन:–

(क) दफा १२६, १२७, १२८, १२९ र १३१ मा उल्लिखित अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन,

(ख) दफा १३० मा उल्लिखित अपराधमा गर्भ तुहाएको मितिले नब्बे दिन र

(ग) दफा १२४ र १२५ मा उल्लिखित अपराधमा सो अपराध भएको मितिले बीस वर्ष ।

परिच्छेद–११

चोट

१३३. चोट:–कसैले कसैलाई अशक्त वा रोगी तुल्याउने वा कुनै किसिमको शारीरिक पीडा पुर्‍याउने नियतले वा सो हुन सक्तछ भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कुनै काम गर्दा त्यसबाट कुनै व्यक्ति अशक्त वा रोगी भएमा वा निजलाई कुनै किसिमको शारीरिक पीडा पुगेमा दफा १३४ बमोजिम सजाय हुनेमा बाहेक तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

स्पष्टीकरण:– यस दफामा अशक्त भन्नाले शरीरको कुनै अङ्ग आफ्नो सामान्य काम गर्न असमर्थ भएको अवस्था सम्झनुपर्छ र सो शब्दले मानसिक अशक्ततालाई समेत जनाउँछ ।

१३४. गम्भीर चोट:– कसैले कसैलाई देहायबमोजिमको चोट पुर्‍याएमा निजलाई तीन वर्षदेखि दश वर्षसम्म कैद र जरिवाना हुनेछ:–

(क) नपुंसक बनाई दिने,

(ख) आँखा, कान, नाक, जिब्रो, सगज वा शरीरको अरू कुनै अङ्ग वा जोर्नीको शक्ति क्षीण गरी दिने वा हरण गरी दिने,

(ग) शरीरको कुनै अङ्ग वा जोर्नी भाँच्ने, फोर्ने, छुटयाउने वा बेकम्मा पार्ने,

(घ) अनुहार कुरूप पारी दिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) ज्यान जान सक्ने वा कडा शारीरिक वेदना हुने वा

१३५. <u>गम्भीर उत्तेजना वा रीसको आवेश इत्यादिबाट चोट पुऱ्याएमा सजायः–</u> दफा १३३ र १३४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा चोट पुऱ्याउने व्यक्तिलाई गम्भीर चोट पुऱ्याएको रहेछ भने दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै र अन्य चोट पुऱ्याएको रहेछ भने एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछः–

(क) कसैले एकाएक गम्भीर उत्तेजना दिलाउने कुनै काम गरेबाट आत्म संयमको शक्ति हराई सो उत्तेजना दिलाउने व्यक्तिलाई वा भ्रमवश अरू कसैलाई चोट पुऱ्याएको वा त्यस्तो उत्तेजनामा परी कुनै काम गर्दा संयोगवश अरू कसैलाई चोट पुग्न गएको ।

तरः– (१) कसैले कानूनको पालनमा वा निजी रक्षाको अधिकारको प्रयोगमा वा कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालनमा गरेको वा गर्न लागेको कुनै कामबाट कुनै व्यक्ति उत्तेजित हुन गएकोमा यो खण्ड लागू हुने छैन ।

(२) कसैलाई कुनै क्षति पुऱ्याउने नियतले अपराधीले स्वयं कसैलाई उत्तेजित गराएको र त्यसरी उत्तेजित भई सो व्यक्तिले गरेको कामबाट अपराधी आफै उत्तेजनामा परी चोट पुऱ्याएकोमा यो खण्ड लागू हुने छैन ।

(ख) बचाउका लागि आवश्यकभन्दा बढी क्षति पुऱ्याउने नियत भएकोमा बाहेक निजी रक्षाको अधिकारको प्रयोगमा कुनै काम गर्दा सो अधिकारको सीमा नाघ्न गई कसैलाई चोट पुग्न गएको ।

(ग) एकाएक उठेको कुनै झगडामा रीस उठी रीसको आवेशमा कसैलाई चोट पुऱ्याएको ।

तर इबी लिएर वा सोच–विचार गरेर वा आफ्नो स्थितिको अनुचित लाभ उठाएर चोट पुऱ्याएको वा असाधारण रूपमा निर्दयतापूर्वक चोट पुऱ्याएकोमा यो खण्ड लागू हुने छैन ।

१३६. <u>लापरवाहीसाथ वा दुस्साहस गरी चोट पुग्न गएमा सजायः–</u> चोट पुऱ्याउने नियत नभई लापरवाहीसाथ वा दुस्साहस गरी कसैले कुनै काम गर्दा अरूलाई चोट पुग्न गएमा निजलाई देहायबमोजिम सजाय हुनेछः–

(क) गम्भीर चोट पुग्न गएमा दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै र

(ख) अन्य चोट पुग्न गएमा एक वर्षसम्म कैद वा जरिवाना वा दुबै ।

१३७. <u>अपराध गर्ने नियतले बेहोश पार्न नहुनेः–</u> कसैले कुनै अपराध गर्न सजिलो पार्ने नियतले अरूलाई बेहोश तुल्याउने, लठ्याउने वा अस्वस्थ पार्ने पदार्थ खुवाएमा वा अन्य प्रकारले

१३८. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–१२
आपराधिक बल प्रयोग

१३९. आपराधिक बल प्रयोग:– कसैले कुनै अपराध गर्ने नियतले कुनै व्यक्ति उपर निजको मञ्जूरी बेगर बल प्रयोग गरेमा वा कुनै व्यक्तिलाई क्षति पुऱ्याउने, डराउने वा झिझ्याउने नियतले वा सो हुन सक्तछ भन्ने जानी जानी निज उपर निजको मञ्जूरी बेगर बल प्रयोग गरेमा वा त्यस्तो बल प्रयोगको आशंका उत्पन्न गर्ने नियतले वा सो हुन सक्तछ भन्ने जानी जानी कुनै हाउभाउ देखाएमा वा अरू कुनै तयारी गरेमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

स्पष्टीकरण:– कुनै व्यक्ति चढेको वा निजले लगाएको वा बोकेको माललाई चलाई दिएमा वा अन्य कुनै माललाई चलाई सो व्यक्तिको सम्पर्कमा आउने गराएमा समेत सो व्यक्ति उपर बल प्रयोग गरेको मानिनेछ ।

१४०. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–१३
थुनछेक

१४१. थुनछेक:– (१) कानूनबमोजिम बाहेक कसैले कुनै व्यक्तिलाई थुनामा राखेमा निजलाई तीन वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

स्पष्टीकरण:– (क) प्रचलित कानूनले थुन्न पर्ने देखिएको मानिसलाई कानूनबमोजिम खान पिउन नदिई थुनेमा पनि यस उपदफाबमोजिम अपराध गरेको मानिनेछ ।

(ख) मुद्दाको कारवाईको सिलसिलामा प्रचलित कानूनले थुन्नु पर्ने देखी असल नियतले थुनेकोमा पछि थुन्न नहुने ठहरे पनि यस उपदफाबमोजिम अपराध गरेको मानिने छैन ।

(२) कसैले कुनै व्यक्तिलाई निज जान लागेको ठाउँमा जान नदिने गरी रोके छेकेमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१४२. छाड्ने आदेश भएको व्यक्तिलाई थुनी राख्न नहुने:– कुनै व्यक्तिलाई थुनाबाट छाड्न अख्तियार प्राप्त अधिकारीबाट आदेश प्राप्त हुँदा हुँदै पनि नछाडी कसैले थुनी राखेमा निजलाई चार वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

१४३. गुप्त तरीकाले थुनामा राख्न नहुने:– थुनिने व्यक्तिसंग सम्बन्धित मानिसलाई थुनिएको कुरा वा थुनिएको ठाउँको जानकारी नहुने वा पत्ता नलाग्ने गरी कसैले कुनै व्यक्तिलाई थुनामा राखेमा निजलाई चार वर्षसम्म कैद हुनेछ र जरीवाना पनि हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४४. हद म्यादः– दफा १४० को उपदफा (२) मा उल्लिखित अपराधमा सो अपराध भएको मितिले नब्बे दिन र यस परिच्छेद अन्तर्गतका अन्य अपराधमा थुनामा परेको व्यक्ति थुनाबाट मुक्त भएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–१४

अपहरण, मानिसको खरीद– बिक्री तथा जवर्जस्ती काम लगाउने

१४५. अपहरणः– कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा धम्की देखाई वा छलकपट गरी कुनै ठाउँबाट जाने गराएमा वा कुनै व्यक्तिको मञ्जुरी बेगर वा कुनै नाबालक वा मानसिक अस्वस्थताबाट पीडित व्यक्तिको संरक्षकको मञ्जूरी बेगर सो व्यक्ति, नाबालक वा मानसिक अस्वस्थताबाट पीडित व्यक्तिलाई बदनियतसाथ कुनै ठाउँबाट लगेमा निजलाई देहाय–बमोजिम सजाय हुनेछः–

(क) ज्यान लिने, चोट पुऱ्याउने, जवर्जस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, भिक्षा माग्न लगाउने, अपराध गर्न लगाउने, वेश्यावृत्तिमा लगाउने, बिक्री गर्ने, गुप्त तरीकाले थुनामा राख्ने, मुक्ति शुल्क लिने वा अरू कुनै उद्देश्यले शरीर बन्धक राख्ने नियतले भए दश वर्षसम्म कैद र जरिवाना र

(ख) अन्य नियतले भए तीन वर्षसम्म कैद र जरिवाना ।

१४६. मानिसको खरीद-बिक्रीः– कसैले कुनै मानिसलाई खरीद-बिक्री गरेमा निजलाई दश वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

तर विदेशमा लगी बिक्री गरेमा दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

१४७. इच्छा विरुद्ध काम गराउन नहुनेः– कसैले कुनै व्यक्तिलाई निजको इच्छा विरुद्ध काम गराएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१४८. हद म्यादः– यस परिच्छेद अन्तर्गतका अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघे पछि उजूर लाग्ने छैन ।

परिच्छेद–१५

करणीसम्बन्धी अपराध

१४९. जवर्जस्ती करणीः– कसैले आफ्नी स्वास्नी बाहेक अरू स्वास्नी मानिसलाई निजको मञ्जूरी नलिई करणी गरेमा वा मञ्जूरी लिएर भए पनि चौध वर्ष मुनिकी कुनै स्वास्नी मानिसलाई करणी गरेमा निजलाई पाँच वर्षदेखि चौध वर्षसम्म कैद र जरिवाना हुनेछ ।

स्पष्टीकरणः– (क) करकाप, अनुचित प्रभाव, डरत्रास वा झुक्यानमा पारी लिएको मञ्जूरीलाई मञ्जूरी मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) योनीमा लिंग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस दफाको प्रयोजनका लागि करणी गरेको मानिनेछ ।

१५०. हाडनाता करणीः– (१) आमा, दिदी, बहिनी, छोरी वा आफ्नो जात वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न नहुने नाताका स्वास्नी मानिस हो भन्ने जानी जानी त्यस्ता स्वास्नी मानिसलाई करणी गर्न र त्यस्ता स्वास्नी मानिसले पनि करणी गर्न दिन हुँदैन ।

(२) कसैले उपदफा (१) अन्तर्गत अपराध गरेमा निजलाई देहायबमोजिम सजाय हुनेछ :–

(क) आमा छोराको करणी भएमा जन्मकैद,

(ख) बाबु छोरी वा दिदी बहिनी दाजु भाइको करणी भएमा दश वर्षसम्म कैद र

(ग) अन्य नाताको करणी भएमा तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै ।

१५१. थुनुवाको करणीः– कैदमा वा थुनामा रहेका स्वास्नी मानिसको सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरूलाई संयोग पारी दिएमा निजलाई एक वर्षसम्म कैद हुनेछ ।

१५२. अप्राकृतिक मैथुनः– (१) कसैले कुनै मानिससंग अप्राकृतिक मैथुन गरे वा गराएमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

तर कसैले कसैको इच्छा विरूद्ध अप्राकृतिक मैथुन गरेमा निजलाई तीन वर्षसम्म कैद र जरिवाना हुनेछ ।

(२) कसैले पशुसंग मैथुन गरे वा गराएमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१५३. हद म्यादः– दफा १४९ अन्तर्गतको अपराधमा सो अपराध भएको मितिले साठी दिन र यस परिच्छेद अन्तर्गतको अन्य अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–१६
चोरी र डकैती

१५४. चोरीः– कसैले कुनै व्यक्तिको कब्जामा रहेको सम्पत्ति बदनियतसाथ लिनको लागि सो व्यक्तिको मञ्जूरी नलिई हटाएमा निजले चोरी गरेको मानिनेछ ।

स्पष्टीकरणः– यस दफाको प्रयोजनका लागि–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "मञ्जूरी" भन्नाले मौखिकरूपमा दिइएको मञ्जूरीलाई र आचरणद्वारा व्यक्त भएको मञ्जूरीलाई समेत जनाउँछ ।

(ख) नाबालकको मन्जुरीलाई मञ्जूरी मानिने छैन ।

१५५. चोरीको सजायः– (१) कसैले–

(क) सरकारी वा कुनै सार्वजनिक सम्पत्ति वा कुनै धार्मिक स्थान वा देवालयको कुनै सम्पत्ति चोरी गरेमा, वा

(ख) कुनै व्यक्तिलाई मादक पदार्थ खुवाई वा अरू कुनै किसिमले बेहोश गराई कुनै सम्पत्ति चोरी गरेमा, वा

(ग) भूकम्प, आगलागी, बाढी, हूलदङ्गा वा यस्तै अरू कुनै संकटापन्न स्थिति वा सार्वजनिक स्थानमा भएको कुनै दुर्घटनाको फाइदा उठाएर कुनै सम्पत्ति चोरी गरेमा, वा

(घ) आफू जुन कार्यालय वा व्यक्तिको नोकरीमा बहाल रहेको छ सो कार्यालय वा व्यक्तिको कुनै सम्पत्ति चोरी गरेमा, वा

(ङ) मानिस वा मालसामानको परिवहनका लागि उपयोग भएको कुनै सवारीमा चोरी गरेमा

निजलाई एक वर्षदेखि छ वर्षसम्म कैद र जरिवाना हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा चोरी गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१५६. आपराधिक करकापः– कसैले कुनै व्यक्तिलाई निजको वा अरू कसैको कुनै क्षति पुऱ्याउने डरत्रासमा पारी बदनियतसाथ आफ्नो वा अरू कसैको लागि कुनै आर्थिक लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गराएमा वा कुनै काम गर्नबाट रोकेमा निजले आपराधिक करकाप गरेको मानिनेछ ।

१५७. आपराधिक करकापको सजायः– आपराधिक करकाप गर्ने व्यक्तिलाई देहायमा लेखिए–बमोजिम सजाय हुनेछः–

(क) कसैको ज्यान लिने वा गम्भीर चोट पुऱ्याउने डरत्रास देखाई आपराधिक करकाप गरेमा तीन वर्षदेखि सात वर्षसम्म कैद र जरिवाना,

(ख) कसैको व्यवसायमा गैर कानूनी तरीकाले कुनै क्षति पुऱ्याउने वा चरित्रमा झूठो दोष लगाउने डरत्रास देखाई आपराधिक करकाप गरेमा तीन वर्षसम्म कैद र जरिवाना र

(ग) माथि लेखिएदेखि बाहेक अरू कुनै किसिमले आपराधिक करकाप गरेमा तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै ।

१५८. डकैतीः– कसैले देहायमा लेखिएबमोजिमको कुनै काम गरेमा निजले डकैती गरेको मानिनछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) चोरी गर्नाका लागि वा चोरी गर्दा वा चोरीको सम्पत्ति लैजान वा चोरी गरेपछि पक्राउबाट बच्नाका लागि कुनै व्यक्तिको ज्यान लिएमा वा कुनै व्यक्तिलाई चोट पुऱ्याएमा वा थुनछेक गरेमा वा सो कुराको उद्योग गरेमा वा तत्काले कुनै व्यक्तिको ज्यान लिने वा कुनै व्यक्तिलाई चोट पुऱ्याउने डरत्रास देखाएमा वा जोखिमी हातहतियार साथमा लिई चोरी गरेमा, वा

(ख) तत्काले कसैको ज्यान लिने वा कसैलाई चोट पुऱ्याउने वा थुनछेक गर्ने डरत्रास देखाई आपराधिक करकाप गरेमा।

स्पष्टीकरणः– खण्ड (ख) बमोजिम डकैतीको अपराध कायम हुनको लागि डरत्रास देखाउने व्यक्ति स्वयं उपस्थित भई डरत्रास देखाएको वा आफूले दिएको धम्की तुरुन्त कार्यान्वित गर्न सक्ने अवस्थामा रहेको हुनुपर्छ।

१५९. डकैतीको सजायः– डकैती गर्ने व्यक्तिलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछः–

(क) कुनै व्यक्तिलाई गम्भीर चोट पुऱ्याई वा कसैको ज्यान लिने वा गम्भीर चोट पुऱ्याउने उद्योग गरी वा डरत्रास देखाई डकैती गरेमा सात वर्षदेखि चौध वर्षसम्म कैद र जरिवाना,

(ख) बाटो वा जंगमा डकैती गरेमा वा जोखिमी हातहतियार प्रयोग गरी वा गर्ने धम्की दिई वा तीन जनाभन्दा बढीको जमात भई डकैती गरेमा पाँच वर्ष देखि दश वर्षसम्म कैद र जरिवाना र

(ग) माथि लेखिएदेखि बाहेक अरू किसिमले डकैती गरेमा तीन वर्षदेखि सात वर्षसम्म कैद र जरिवाना।

१६०. डकैतीको उद्योगको सजायः– डकैतीको उद्योग गर्ने व्यक्तिलाई सात वर्षसम्म कैद र जरिवाना हुनेछ।

१६१. डकैतीको तयारीः– डकैती गर्ने नियतले भेला हुने वा कुनै तयारी गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र जरिवाना हुनेछ।

१६२. हद म्यादः– दफा १५४ अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन, दफा १५६ अन्तर्गतको अपराधमा सो अपराध भएको मितिले साठी दिन र यस परिच्छेद अन्तर्गतको अन्य अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन।

परिच्छेद–१७

ठगी, सम्पत्तिको आपराधिक उपयोग तथा आपराधिक विश्वासघात

१६३. ठगीः– कसैले देहायमा लेखिएबमोजिमको कुनै काम गरेमा निजले ठगी गरेको मानिनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणिंत गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै व्यक्तिलाई झुक्याई वा धोखा दिई कुनै काम गराई वा गर्नबाट रोकी निजलाई वा अन्य कसैलाई कुनै क्षति पुऱ्याएमा वा आफ्नो वा अरू कसैको लागि कुनै लाभ उठाएमा,

(ख) कुनै नाबालकको अज्ञानता वा कुनै व्यक्तिको मानसिक दुर्बलता वा विक्षिप्तताको लाभ उठाएर सो नाबालक वा व्यक्तिको कुनै सम्पत्ति बदनियतसाथ आफूले लिएमा वा लिनका लागि अरूलाई संयोग पारी दिएमा।

१६४. ठगीको सजायः– ठगीको अपराध गर्ने व्यक्तिलाई देहायमा लेखिएबमोजिमको सजाय हुनेछः–

(क) आफ्नो नाम, दर्जा, पदवी, योग्यता वा नागरिकता ढाँटी वा आफ्नो वा अरू कसैको कुनै झूठो परिचय दिई वा दफा १६३ को खण्ड (ख) मा उल्लिखित काम गरी ठगी गरेमा छ महीनादेखि पाँच वर्षसम्म कैद र जरिवाना र

(ख) माथि लेखिएदेखि बाहेक अरू कुनै किसिमले ठगी गरेमा तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै ।

१६५. ठेक्का वा करारको काममा फरक पार्न नहुनेः– (१) सरकार वा सार्वजनिक संस्थासंग भएको ठेक्का वा करारबमोजिम कुनै निर्माणको काम वा अन्य कुनै काम गर्ने जिम्मेवारी लिएको व्यक्ति वा निजतर्फबाट काम गर्ने कुनै व्यक्तिले कमसल माल प्रयोग गरी वा प्रयोग हुने मालको परिमाण घटी बढी पारी वा अन्य कुनै किसिमबाट बदनियतसाथ ठेक्का वा करारमा तोकिएभन्दा फरक पारी काम गरेमा निजलाई दश वर्षसम्म कैद र जरिवाना हुनेछ।

(२) सरकार वा सार्वजनिक संस्थासंग भएको ठेक्का वा करारबमोजिम कुनै माल आपूर्ति गर्ने जिम्मेवारी भएको व्यक्ति वा निजतर्फबाट काम गर्ने कुनै व्यक्तिले कमसल वा घटी परिमाणमा माल आपूर्ति गरी वा अन्य कुनै किसिमबाट बदनियतसाथ ठेक्का वा करारमा तोकिएभन्दा फरक पारेमा निजलाई दश वर्षसम्म कैद र जरिवाना हुनेछ ।

(३) उपदफा (१) वा (२) अन्तर्गतको अपराध गर्न सहयोग पुऱ्याउने श्री ५ को सरकार वा सार्वजनिक संस्थाको कर्मचारी वा अन्य व्यक्तिलाई पनि सो उपदफाहरूमा लेखिएबमोजिम सजाय हुनेछ ।

१६६. सम्पत्तिको आपराधिक उपयोगः– कसैले अर्काको कुनै सम्पत्ति बदनियतसाथ आफ्नो निमित्त उपयोग गरेमा निजले सम्पत्तिको आपराधिक उपयोग गरेको मानिनेछ ।

स्पष्टीकरणः-(क) बदनियतसाथ केही समयका लागि मात्र सम्पत्ति उपयोग गरेको भए पनि यस दफाबमोजिम अपराध गरेको मानिनेछ ।

(ख) बेवारिसी सम्पत्ति पाउने व्यक्तिले सो सम्पत्तिको धनी पत्ता लगाँउने उचित प्रयास नगरी वा सम्पत्तिको धनी थाहा पाएपछि सो व्यक्तिलाई सम्पत्ति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फिर्ता नगरी वा सो व्यक्तिलाई सम्पत्ति फिर्ता लिन सूचना दिएकोमा उचित म्यादसम्म नपर्खी बदनियतसाथ आफ्नो निमित्त उपयोग गरेमा निजले यस दफाबमोजिम अपराध गरेको मानिनेछ ।

तर उचित प्रयास गर्दा पनि सम्पत्तिको धनी पत्ता नलागेमा वा सूचना दिएको उचित म्यादभित्र सम्पत्तिको धनीले सम्पत्ति फिर्ता लिन नआएमा सम्पत्ति पाउने व्यक्तिले सो सम्पत्ति आफ्नो निमित्त उपयोग गरेमा निजले यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

१६७. सम्पत्तिको आपराधिक उपयोगको सजायः– सम्पत्तिको आपराधिक उपयोग गर्ने व्यक्तिलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछः–

(क) कुनै व्यक्तिको मृत्यु हुँदाको अवस्थामा निजको कब्जामा रहेको सम्पत्ति निज.को कानूनबमोजिमको हकदारको कब्जामा नपर्दै आपराधिक उपयोग गरेमा वा नाबालक, मानसिक वा शारीरिक अस्वस्थताले पीडित भएका व्यक्तिको कुनै सम्पत्तिको आपराधिक उपयोग गरेमा तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै र

(ख) माथि लेखिएदेखि बाहेक अन्य अवस्थामा एक वर्षसम्म कैद वा जरिवाना वा दुबै ।

१६८. आपराधिक विश्वासघातः– कसैले देहायमा लेखिएको कुनै काम गरेमा निजले आपराधिक विश्वासघात गरेको मानिनेछः–

(क) आफ्नो जिम्मा वा संरक्षणमा रहेको अर्काको कुनै सम्पत्ति बदनियतसाथ वा तत्सम्बन्धी करार वा शर्तनामा वा कानूनको विपरीत आफ्नो निमित्त उपयोग गरेमा वा जानी जानी अरू कसैलाई उपयोग गर्न दिएमा वा हक टुटाई अरूलाई दिएमा, वा

(ख) अर्काको कुनै काम–कारोवार गर्ने जिम्मा लिएको वा कानूनी कर्तव्य भएको व्यक्तिले वा कुनै काम–कारोवारका सम्बन्धमा अर्काको प्रतिनिधिको रूपमा काम गर्ने अभिभारा लिएको व्यक्तिले आफ्नो वा अरू कसैको स्वार्थ पूर्ति गर्नाका लागि आफ्नो कर्तव्यको विपरीत कुनै काम गरी सो व्यक्तिलाई कुनै क्षति पुऱ्याएमा ।

१६९. आपराधिक विश्वासघातको सजायः– आपराधिक विश्वासघात गर्ने व्यक्तिलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछः–

(क) संरक्षक, नोकर, कारिन्दा, कर्मचारी, प्रतिनिधि वा साहू–महाजन वा गुठी वा कुनै सार्वजनिक संस्थाका व्यवस्थापक वा प्रबन्धकको हैसियतले कुनै व्यक्तिले वा कुनै सम्पत्ति एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याई दिने वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अन्य कुनै ठाउँमा सुरक्षित साथ राख्ने जिम्मा लिएका वा सो गर्ने कानूनी कर्तव्य भएका व्यक्तिले आपराधिक विश्वासघात गरेमा पाँच वर्षसम्म कैद र जरिवाना र

(ख) माथि लेखिएदेखि बाहेक अरु कसैले आपराधिक विश्वासघात गरेमा तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै ।

१७०. हद म्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले छ महीना नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–१८

आपराधिक प्रवेश र बिजाइँ

१७१. आपराधिक प्रवेशः– कसैले देहायमा लेखिएको कुनै काम गर्ने नियतले अर्काको कब्जामा रहेको कुनै सम्पत्तिमा सो व्यक्तिको अनुमति नलिई प्रवेश गरेमा वा कानूनी रूपमा प्रवेश गरी त्यस्तो कुनै काम गर्ने नियतले सो सम्पत्तिमा बसी रहेमा निजले आपराधिक प्रवेश गरेको मानिनेछः–

(क) कुनै अपराध गर्ने, वा

(ख) सम्पत्ति जुन व्यक्तिको कब्जामा रहेको छ सो व्यक्तिलाई डरत्रास देखाउने, अपमान गर्ने वा झिझ्याउने ।

१७२. आपराधिक प्रवेशको सजायः– आपराधिक प्रवेश गर्ने व्यक्तिलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछः–

(क) कुनै अपराध गर्ने नियतले आपराधिक प्रवेश गरेमा सो अपराधको उद्योग गरे सरहको सजाय र

(ख) सो बाहेक अन्य कुनै नियतले आपराधिक प्रवेश गरेमा–

(१) कुनै सरकारी कार्यालय वा मानिस बसोवास गरेको घरमा प्रवेश गरेको भए तीन महीनासम्म कैद वा जरिबाना वा दुबै र

(२) अन्य कुनै सम्पत्तिमा प्रवेश गरेको भए जरिवाना ।

१७३. बिजाइँः– कसैले देहायमा लेखिएबमोजिम कुनै काम गरेमा निजले बिजाइँ गरेको मानिनेछः–

(क) सर्वसाधारण वा कुनै व्यक्तिलाई कुनै अनुचित क्षति पुऱ्याउने नियतले वा त्यस्तो क्षति पुग्न सक्छ भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कुनै सार्वजनिक वा व्यक्तिगत सम्पत्ति नाश पारेमा वा त्यसको मोल वा उपयोगिता घट्ने कुनै काम गरेमा, वा

(ख) सार्वजनिक वा व्यक्तिगत ढल, निकास, कुलो, पनेरो, सडक, पुल वा कुनै सञ्चार वा यातायातको साधन इत्यादिमा जानी जानी कुनै अनुचित क्षति पुऱ्याएमा वा क्षति पुग्ने कुनै काम गरेमा, वा

328

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सार्वजनिक सुविधाको लागि राखिएको कुनै संकेत वा चिह्न बिनाअधिकार हटाएमा, मेटेमा वा बिगारेमा, वा

(घ) झूठो अफवाह फैलाएर वा अरूलाई धोखा हुने कुनै साधनको प्रयोग गरेर अर्काको काम कारोबारमा बाधा पुऱ्याएमा वा अर्काको व्यापारको ख्यातीलाई क्षति पुऱ्याएमा, वा

(ङ) अर्काको चिट्ठी, सूचना, पुलिन्दा वा अन्य कुनै माल लुकाएमा ।

१७४. बिजाइँको सजायः– बिजाइँ गर्ने व्यक्तिलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछः–

(क) घर वा मानिस रहे बसेको पाल वा सवारीमा वा सरकारी कार्यालय, प्राचीन स्मारक, देवस्थल वा सैनिक हातहतियार वा खरखजाना रहेको ठाउँमा वा सरकारी कार्यालयमा रहेको कुनै लिखतमा आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी बिजाइँ गरेको भए दश वर्षसम्म कैद र जरिवाना र सो बाहेक अरू कुनै सम्पत्तिमा आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी बिजाइँ गरेको भए पाँच वर्षसम्म कैद र जरिवाना,

(ख) सार्वजनिक सडक, पुल, यातायात वा सञ्चारको कुनै साधनमा वा अरू कुनै सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याई बिजाइँ गरेको भए पाँच वर्षसम्म कैद वा जरिवाना वा दुवै र

(ग) माथि लेखिएदेखि बाहेक अरू कुनै काम गरी बिजाइँ गरेको भए एक वर्षसम्म कैद वा जरिवाना वा दुवै ।

१७५. अपराधबाट प्राप्त गरेको सम्पत्ति लिन नहुनेः– कुनै अपराधको बिगो हो भन्ने जानी जानी वा विश्वास हुने कुनै मनासिब कारण भई कसैले कुनै सम्पत्ति लिएमा, राखेमा वा खरीद–बिक्री गरेमा निजलाई सो सम्पत्ति जुन अपराधको बिगो हो सो अपराध गरे सरहको सजाय हुनेछ ।

१७६. हद म्यादः– दफा १७१ र १७५ अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन र दफा १७३ अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–१९

लिखतसम्बन्धी अपराध

१७७. कीर्तेः– सर्वसाधारण जनता वा कसैलाई कुनै क्षति पुऱ्याउने वा कसैलाई कुनै लाभ पुऱ्याउने नियतले कसैले कुनै झुट्ठा लिखत बनाउने काम गरेमा निजले कीर्ते गरेको मानिनेछ।

स्पष्टीकरणः– यस दफाको प्रयोजनका लागि–

(क) "लिखत" भन्नाले लिखतमा लागेको सहीछाप, छाप र लिखतमा जनिएको मिति समेत सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "झुट्ठा लिखत बनाउने काम" भन्नाले देहायको कुनै काम सम्झनुपर्छः–

(१) जुन व्यक्तिले वास्तवमा लिखत बनाएको, लेखेको वा सहीछाप गरेको होइन त्यतो व्यक्तिले लिखत बनाएको, लेखेको वा सहीछाप गरेको हो भन्ने विश्वास पार्ने किसिमबाट लिखत तयार पार्ने, वा

(२) लिखतमा कुनै कुरा थपी, मेटी, केरी वा अन्य कुनै किसिमबाट फरक वा नबुझिने पार्ने, वा

(३) मानसिक अस्वस्थताबाट पीडित भएको, मादक पदार्थ सेवन गरेको वा छलकपटमा पारिएको कारणले कसैले लिखतमा लेखिएका कुराहरूको मतलव बुझ्न सक्दैन भन्ने जानी जानी त्यस्तो व्यक्तिलाई लिखत बनाउन, सहीछाप गर्न वा लिखतमा लेखिएको कुनै कुरा बदल्न लगाउने।

१७८. कीर्ते गरेमा सजायः– कसैले कुनै लिखत कीर्ते गरेमा निजलाई देहायबमोजिम सजाय हुनेछः–

(क) सार्वजनिक लिखत भए सात वर्षसम्म कैद र जरिवाना र

(ख) अन्य कुनै लिखत भए पाँच वर्षसम्म कैद र जरिवाना।

१७९. कीर्ते लिखत सद्दे सरह व्यवहारमा ल्याउन नहुने:– कीर्ते लिखत हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कसैले त्यस्तो लिखतलाई सद्दे सरह व्यवहारमा ल्याएमा निजलाई सो लिखत कीर्ते गरेमा हुने सरहको सजाय हुनेछ।

१८०. कीर्ते लिखत साथमा राख्न नहुने:– कीर्ते लिखत हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कसैले त्यस्तो लिखत सद्दे सरह व्यवहार गर्ने नियतले साथमा राखेमा निजलाई तीन वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ।

१८१. कीर्ते लिखत बनाउने औजार बनाउन वा बिक्री गर्न नहुने:– कीर्ते लिखत बनाउने काममा प्रयोग गर्ने नियतले वा सो काममा प्रयोग हुन्छ भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कसैले कीर्ते लिखत बनाउने छाप वा अन्य कुनै औजार बनाएमा, मर्मत गरेमा, खरीद गरेमा, दिएमा, लिएमा वा आफूसंग राखेमा निजलाई चार वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ।

१८२. जालसाजी:– कसैलाई कुनै क्षति वा लाभ पुऱ्याउने नियतले नभए नगरेको कुरा भए गरेको हो भनी वा झुट्ठा मिति अङ्क वा बेहोरा उल्लेख गरी लिखत बनाएमा वा त्यस्तो लिखतमा सहीछाप गरे वा गराएमा जालसाजी गरेको मानिने छ।

१८३. जालसाजी गरेमा सजायः– कसैले जालसाजी गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

१८४. जालसाजी लिखत सद्दे सरह व्यवहारमा ल्याउन नहुने:– जालसाजी लिखत हो भन्ने जानी जानी कसैले त्यस्तो लिखत सद्दे सरह व्यवहारमा ल्याएमा निजलाई जालसाजी गरेमा हुने सरहको सजाय हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८५. जालसाजी लिखत साथमा राख्न नहुने:– जालसाजी लिखत हो भन्ने जानी जानी सद्दे सरह व्यवहार गर्ने नियतले कसैले त्यस्तो लिखत आफ्नो साथमा राखेमा निजलाई जरिवाना हुनेछ।

१८६. हदम्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले छ महीना नाघेपछि उजूर लाग्ने छैन।

परिच्छेद–२०

मुद्रासम्बन्धी अपराध

१८७. परिभाषा:–

(क) "मुद्रा" भन्नाले श्री ५ को सरकार वा विदेशी सरकारले वा अधिकार प्राप्त बैंकले कानून ग्राह्य मुद्राको रूपमा चलन चल्तीमा ल्याएको सिक्का र नोट सम्झनुपर्छ।

(ख) "खोटो मुद्रा" भन्नाले श्री ५ को सरकार वा विदेशी सरकार वा अधिकार प्राप्त बैंकले निकालेको हो भन्ने भान पार्ने गरी बनाएको नक्कली मुद्रालाई सम्झनुपर्छ।

१८८. खोटो मुद्रा बनाउन नहुने:– कसैले खोटो मुद्रा बनाएमा वा सो बनाउन उद्योग गरेमा निजलाई पन्ध्र वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ।

१८९. खोटो मुद्रा चलन गर्न नहुने:– कसैले खोटो मुद्रा हो भन्ने जानी जानी सद्दे सरह चलन गर्ने नियतले त्यस्तो मुद्रा खरीद–बिक्री गरेमा वा निकासी वा पैठारी गरेमा वा लिएमा, दिएमा वा सद्दे सरह चलन गरेमा वा सो गर्न उद्योग गरेमा वा आफूसंग राखेमा निजलाई दश वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ।

१९०. खोटो मुद्रा बनाउने सामान बनाउन वा मर्मत इत्यादि गर्न नहुने:– खोटो मुद्रा बनाउने काममा प्रयोग हुन्छ भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई कसैले कुनै औजार वा अन्य कुनै सामान बनाएमा, मर्मत गरेमा, खरीद–बिक्री गरेमा, दिएमा, लिएमा वा निकासी वा पैठारी गरेमा वा आफूसंग राखेमा निजलाई सात वर्षसम्म कैद र जरिवाना हुनेछ।

१९१. कर्मचारीले फरक पारी मुद्रा बनाउन नहुने:– मुद्रा बनाउने काम गर्ने कुनै कर्मचारीले कानूनद्वारा निर्धारण भएबमोजिम बनाउनु पर्ने मुद्राभन्दा जानी जानी फरक पारी मुद्रा बनाएमा, बनाउनु पर्नेभन्दा बढी मुद्रा बनाएमा वा त्यस्तो फरक पारी बनाउने नियतले कुनै काम गरेमा वा त्यस्तो काममा सहयोग पुऱ्याएमा निजलाई सात वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ।

१९२. मुद्रा बनाउने औजार बाहिर लैजान नहुने:– कसैले मुद्रा बनाउने औजार वा अन्य सामान कानूनी अख्तियार बिना मुद्रा बनाउने ठाउँबाट बाहिर लगेमा निजलाई सात वर्षसम्म कैद वा जरिबाना वा दुबै सजाय हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९३. मुद्राको तौल घटाउन वा रूप बदल्न नहुनेः– सद्दे सरह व्यवहार गर्ने नियतले वा सो हुन सक्तछ भन्ने जानी जानी कसैले मुद्राको तौल घटाएमा वा धातुको भाग फरक पारेमा वा एक किसिमको मुद्रालाई अर्को किसिमको मुद्रा हो भन्ने भान पार्ने गरी रूप बदलेमा वा त्यस्तो तौल घटाइएको वा धातु फरक पारिएको वा रूप बदलिएको मुद्रा खरीद-बिक्री गरेमा, दिएमा, लिएमा, निकासी वा पैठारी गरेमा वा आफूसंग राखेमा निजलाई सात वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

१९४. हद म्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले एक वर्ष नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२१

टिकट सम्बन्धी अपराध

१९५. परिभाषाः–

(क) "टिकट" भन्नाले हुलाक टिकट वा लिखतमा टाँसिने राजस्वसम्बन्धी अन्य टिकट सम्झनुपर्छ र यो शब्दले खाम, हुलाक पत्र वा अरू कुनै वस्तुमा लगाइएको वा छापिएको टिकटको निस्सालाई समेत जनाउँछ ।

(ख) "खोटो टिकट" भन्नाले खण्ड (क) मा उल्लेख गरिएबमोजिमको टिकट हो भन्ने भान पार्ने गरी बनाएको नक्कली टिकट सम्झनुपर्छ ।

१९६. खोटो टिकट बनाउन नहुनेः– कसैले खोटो टिकट बनाएमा वा सो बनाउन उद्योग गरेमा निजलाई सात वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

१९७. खोटो टिकट चलन गर्न नहुनेः– कसैले खोटो टिकट हो भन्ने जानी जानी सद्दे सरह चलन गर्ने नियतले त्यस्तो टिकट खरीद–बिक्री गरेमा, लिएमा, दिएमा वा निकासी वा पैठारी गरेमा वा सद्दे सरह चलन गरेमा वा त्यस्तो गर्न उद्योग गरेमा वा आफूसंग राखेमा निजलाई पाँच वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

१९८. खोटो टिकट बनाउने औजार खरीद-बिक्री इत्यादि गर्न नहुनेः– खोटो टिकट बनाउने काममा प्रयोग हुन्छ भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई कसैले कुनै औजार वा अन्य कुनै सामान बनाएमा, मर्मत गरेमा, खरीद–बिक्री गरेमा, दिएमा, लिएमा वा आफूसंग राखेमा निजलाई पाँच वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

१९९. प्रयोग भइसकेको टिकट फेरी प्रयोगमा ल्याउन नहुनेः– एक पटक प्रयोग भइसकेको टिकट हो भन्ने जानी जानी कसैले फेरी सद्दे सरह प्रयोग गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई दुई वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

२००. कुनै सार्वजनिक लिखतमा प्रयोग भएको टिकट उप्काउन नहुनेः– कसैले कुनै सार्वजनिक लिखतमा प्रयोग भएको कुनै टिकट उप्काएमा वा उप्काउने उद्योग गरेमा निजलाई एक वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०१. टिकटमा लागेको छाप वा चिह्न मेट्न, खुर्कन वा उडाउन नहुने:– एक पटक प्रयोग भइसकेको टिकट हो भन्ने जानी जानी कसैले फेरी सोही सरह प्रयोग गर्ने नियतले कुनै टिकटमा लागेको छाप वा चिह्न मेटेमा, खुर्केमा वा उडाएमा निजलाई दुई वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ।

२०२. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले एक वर्ष नाघेपछि उजूर लाग्ने छैन।

परिच्छेद–२२
नापतौलसम्बन्धी अपराध

२०३. नाप्ने वा तौलने साधन जाली रूपमा बनाउन वा चलन गर्न नहुने:– कसैले कुनै नाप्ने वा तौलने साधन घटी बढी बनाएमा वा बनाउन लगाएमा वा त्यस्तो नाप्ने वा तौलने साधन जानी जानी सक्कली रूपमा चलन गरेमा वा चलन गर्ने उद्देश्यले राखेमा वा बिक्री गरेमा वा नाप्ने वा तौलने साधनमा लगाउने छाप वा टाँचा जाली बनाएमा वा नाप्ने वा तौलने साधनको छाप वा टाँचा बिगारी जाली छाप वा टाँचा लगाएमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

२०४. कुनै नाप्ने वा तौलने साधनको कपटपूर्ण प्रयोग गर्न नहुने:– कसैले कुनै नाप्ने वा तौलने साधनको कपटपूर्ण प्रयोग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

२०५. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन।

परिच्छेद–२३
धर्मसम्बन्धी अपराध

२०६. धर्म स्थल वा पवित्र मानिएको वस्तुलाई क्षति पुऱ्याउन नहुने:– कसैले कुनै जाति वा वर्गको धर्मको अपमान गर्ने नियतले वा सो हुन सक्छ भन्ने जानी जानी कुनै धार्मिक पूजा वा प्रार्थना गर्ने स्थान वा पवित्र मानिएको कुनै वस्तु वा मसान वा चिहानलाई क्षति पुऱ्याएमा वा अपवित्र पारेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

२०७. धार्मिक भावनामा आघात पुऱ्याउन नहुने:– कसैले लेखेर वा वचनले वा आकार वा चिह्न द्वारा वा अरू कुनै किसिमबाट कुनै जाति वा वर्गको धार्मिक भावनामा आघात पुऱ्याएमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।

२०८. धार्मिक रीति–स्थितिमा बाधा पुऱ्याउन नहुने:– कसैले अरूको धार्मिक रीति–स्थितिमा जानी जानी बाधा पुऱ्याएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०९. धर्म परिवर्तनः— (१) कसैले कसैको धर्म परिवर्तन गराएमा वा सो कुराको उद्योग गरेमा वा दुरूत्साहन दिएमा निजलाई छ वर्षसम्म कैद हुनेछ र जरिवाना समेत हुन सक्नेछ ।

(२) कसैले हिन्दू जातिमा चलिआएको धर्म वा मतमा खलल हुने गरी अन्य कुनै धर्म वा मत प्रचार गरेमा निजलाई छ वर्षसम्म कैद हुनेछ र जरिवाना पनि हुन सक्नेछ ।

(३) कुनै हिन्दूले हिन्दू धर्म छोडी कुनै अर्को धर्म ग्रहण गरेमा वा सो कुराको उद्योग गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२१०. हद म्यादः— दफा २०९ अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले छ महीना र यस परिच्छेद अन्तर्गतको अन्य अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद—२४

गोपनीयता र एकान्ततासम्बन्धी अपराध

२११. अर्काको कुरा सुन्न वा ध्वनी अङ्कन गर्न नहुनेः— कसैले दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बीचमा भएको कुनै कुरा कानूनको अख्तियार वा सो व्यक्तिहरूको मञ्जुरी बिना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनी अङ्कन गर्न हुँदैन ।

२१२. गोप्य कुरा प्रकट गर्न नहुनेः— कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्ति-बाट थाहा पाएको निजको कुनै गोप्य कुरा कानूनले बाध्य गराएको वा सो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक प्रकट गर्न हुँदैन ।

२१३. अनुमति बिना कुनै व्यक्तिको तस्वीर खिच्न नहुनेः— कसैले कुनै व्यक्तिलाई झिझ्याहट हुने गरी निजको अनुमति बना निजको तस्वीर खिच्न हुँदैन ।

तर कसैले कुनै सार्वजनिक स्थानको तस्वीर खिच्दा सो स्थानमा रहेको कुनै व्यक्तिको तस्वीर पनि खिचिन गएको रहेछ भने यस दफाबमोजिम अपराध भएको मानिने छैन ।

२१४. अनुमति बिना तस्वीर अरूलाई दिन वा बिक्री गर्न नहुनेः— कसैले कुनै व्यक्तिको तस्वीर निजको अनुमति बिना अरूलाई दिन वा बिक्री गर्न वा झिझ्याउने नियतले प्रकाशित गर्न हुँदैन ।

२१५. चिट्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुनेः— कसैले कानूनको अख्तियार वा सम्बन्धित व्यक्तिको अनुमति बिना कसैको चिट्ठी खोल्न वा अरूले टेलिफोनमा गरेको कुरा कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर बीचमा सुन्न हुँदैन ।

२१६. यस परिच्छेद अन्तर्गतको अपराध गरेमा हुने सजायः— कसैले यस परिच्छेद अन्तर्गतको कुनै अपराध गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२१७. हद म्यादः— यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–२५

बेइज्जती

२१८. बेइज्जतीः– कसैले अरुको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्न सक्तछ भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सो व्यक्तिलाई अरूको दृष्टिमा निजको व्यक्तिगत चरित्र आचरण वा ख्यातिलाई होच्याउने गरी वा निजको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरूलाई विश्वास पर्ने गरी दोष लगाएमा वा त्यस्तो दोष लगाएको कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिनेछ ।

स्पष्टीकरणः– मरिसकेको कुनै व्यक्तिलाई दोष लगाइएकोमा निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ र निजको परिवार वा निजका अन्य नातेदारहरूको भावनामा चोट पुऱ्याउने नियतले गरिएको रहेछ भने बेइज्जती गरेको मानिनेछ ।

२१९. बेइज्जती नहुने अवस्थाः– दफा २१८ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बेइज्जती गरेको मानिने छैन ।

(क) आफ्नो वा अरूको वा सर्वसाधारणको हितको रक्षाको लागि असल नियतले कसैलाई साँचो कुराको दोष लगाएको,

(ख) कुनै न्यायिक कारवाई वा निर्णयको साँचो बेहोरा प्रकाशित गरेको, वा

(ग) न्यायिक कारवाई वा कानून अन्तर्गत गरिएको कुनै तहकीकात, जाँचबुझ वा सरजमीनको सिलसिलामा कसैलाई साँचो कुराको दोष लगाएको ।

२२०. बेइज्जती गरेमा सजायः– कसैले कसैको बेइज्जती गरेमा वा बेइज्जती गर्ने साधनको रूपमा प्रयोग गरिएको कुनै चीज जानी जानी बिक्री वा वितरण गरेमा निजलाई दुई वर्षसम्म कद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२२१. हद म्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२६

विवाहसम्बन्धी अपराध

२२२. बाल विवाह र अनमेल विवाहमा बन्देजः– स्वास्नी मानिसको उमेर चौध वर्ष र लोग्ने मानिसको उमेर अठार वर्ष नपुगी वा स्वास्नी मानिस र लोग्ने मानिसको उमेर बीस वर्ष-भन्दा बढी फरक पर्ने गरी कसैले विवाह गरे वा गराएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

तर नाबालकलाई यस दफाबमोजिम सजाय हुने छैन ।

339

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२३. धोखापूर्ण सहवासः– कसैले कुनै स्वास्नी मानिसलाई विवाह गर्ने विश्वासमा पारी करणी गरेको रहेछ तर मनासिब समयभित्र सो स्वास्नी मानिससंग विवाह गरेनछ भने निजलाई तीन वर्षसम्म कैद र जरिवाना हुनेछ।

२२४. बहु विवाहः– (१) कुनै विवाहित व्यक्तिले अघिल्लो विवाह कायम छँदै अर्को विवाह गरेमा निजलाई देहायबमोजिम सजाय हुनेछः–

(१) अघिल्लो विवाहको कुरा थाहा नदिई अर्को विवाह गरेको रहेछ भने तीन वर्षसम्म कैद र

(२) अघिल्लो विवाहको कुरा थाहा दिएर अर्को विवाह गरेको रहेछ भने एक वर्षसम्म कैद।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले देहायको अवस्थामा अर्को विवाह गरेमा निजलाई सजाय हुने छैनः–

(क) लोग्ने वा स्वास्नी लगातार तीन वर्षसम्म बेपत्ता भएमा, वा

(ख) लोग्ने वा स्वास्नी महारोगी भएमा, वा

(ग) लोग्ने वा स्वास्नीलाई यौनसम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा, वा

(घ) लोग्ने वा स्वास्नी निको नहुने गरी बहुलाएमा, वा

(ङ) लोग्ने वा स्वास्नीमा सन्तान उत्पन्न गर्न नसक्ने कुनै शारीरिक दोष भई सन्तान नभएमा।

२२५. व्यभिचारः– अर्काको लोग्ने वा स्वास्नी हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कसैले त्यस्तो लोग्ने वा स्वास्नी मानिससंग करणी गरे वा गराएमा निजलाई पाँच वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ।

२२६. हद म्यादः– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन।

परिच्छेद–२७

निर्वाचनसम्बन्धी अपराध

२२७. निर्वाचनको अधिकार प्रयोग गर्न इनाम दिन वा लिन नहुनेः– निर्वाचनको अधिकार प्रयोग गर्न वा अरू कसैलाई त्यस्तो अधिकार प्रयोग गर्न लगाउन वा लगाए बापत वा त्यस्तो कुनै कुराको उद्योग गरे बापत कसैले कुनै नगद वा जिन्सी दिएमा वा लिएमा वा दिन वा लिन मञ्जूर गरेमा वा कुनै अन्य प्रकारको सेवा वा अनुग्रह प्रदान वा प्राप्त गरेमा वा प्रदान वा प्राप्त गर्न मञ्जूर गरेमा वा सो गर्न उद्योग गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–२५
बेइज्जती

२१८. बेइज्जती:– कसैले अरूको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्न सक्तछ भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सो व्यक्तिलाई अरूको दृष्टिमा निजको व्यक्तिगत चरित्र आचरण वा ख्यातिलाई होच्याउने गरी वा निजको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरूलाई विश्वास पर्ने गरी दोष लगाएमा वा त्यस्तो दोष लगाएको कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिनेछ ।

स्पष्टीकरण:– मरिसकेको कुनै व्यक्तिलाई दोष लगाइएकोमा निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ र निजको परिवार वा निजका अन्य नातेदारहरूको भावनामा चोट पुऱ्याउने नियतले गरिएको रहेछ भने बेइज्जती गरेको मानिनेछ ।

२१९. बेइज्जती नहुने अवस्था:– दफा २१८ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बेइज्जती गरेको मानिने छैन ।

(क) आफ्नो वा अरूको वा सर्वसाधारणको हितको रक्षाको लागि असल नियतले कसैलाई साँचो कुराको दोष लगाएको,

(ख) कुनै न्यायिक कारवाई वा निर्णयको साँचो बेहोरा प्रकाशित गरेको, वा

(ग) न्यायिक कारवाई वा कानून अन्तर्गत गरिएको कुनै तहकीकात, जाँचबुझ वा सरजमीनको सिलसिलामा कसैलाई साँचो कुराको दोष लगाएको ।

२२०. बेइज्जती गरेमा सजाय:– कसैले कसैको बेइज्जती गरेमा वा बेइज्जती गर्ने साधनको रूपमा प्रयोग गरिएको कुनै चीज जानी जानी बिक्री वा वितरण गरेमा निजलाई दुई वर्षसम्म कद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२२१. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२६
विवाहसम्बन्धी अपराध

२२२. बाल विवाह र अनमेल विवाहमा बन्देज:– स्वास्नी मानिसको उमेर चौध वर्ष र लोग्ने मानिसको उमेर अठार वर्ष नपुगी वा स्वास्नी मानिस र लोग्ने मानिसको उमेर बीस वर्ष-भन्दा बढी फरक पर्ने गरी कसैले विवाह गरे वा गराएमा निजलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

332 तर नाबालकलाई यस दफाबमोजिम सजाय हुने छैन ।

[illegible] पछि मात्र लागु हुनेछ।

२२३. धोखापूर्ण सहवास:– कसैले कुनै स्वास्नी मानिसलाई विवाह गर्ने विश्वासमा पारी करणी गरेको रहेछ तर मनासिब समयभित्र सो स्वास्नी मानिससंग विवाह गरेनछ भने निजलाई तीन वर्षसम्म कैद र जरिवाना हुनेछ ।

२२४. बहु विवाह:– (१) कुनै विवाहित व्यक्तिले अघिल्लो विवाह कायम छँदै अर्को विवाह गरेमा निजलाई देहायबमोजिम सजाय हुनेछ:–

(१) अघिल्लो विवाहको कुरा थाहा नदिई अर्को विवाह गरेको रहेछ भने तीन वर्षसम्म कैद र

(२) अघिल्लो विवाहको कुरा थाहा दिएर अर्को विवाह गरेको रहेछ भने एक वर्षसम्म कैद ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले देहायको अवस्थामा अर्को विवाह गरेमा निजलाई सजाय हुने छैन:–

(क) लोग्ने वा स्वास्नी लगातार तीन वर्षसम्म बेपत्ता भएमा, वा

(ख) लोग्ने वा स्वास्नी महारोगी भएमा, वा

(ग) लोग्ने वा स्वास्नीलाई यौनसम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा, वा

(घ) लोग्ने वा स्वास्नी निको नहुने गरी बहुलाएमा, वा

(ङ) लोग्ने वा स्वास्नीमा सन्तान उत्पन्न गर्न नसक्ने कुनै शारीरिक दोष भई सन्तान नभएमा ।

२२५. व्यभिचार:– अर्काको लोग्ने वा स्वास्नी हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कसैले त्यस्तो लोग्ने वा स्वास्नी मानिससंग करणी गरे वा गराएमा निजलाई पाँच वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२२६. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले नब्बे दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२७
निर्वाचनसम्बन्धी अपराध

२२७. निर्वाचनको अधिकार प्रयोग गर्न इनाम दिन वा लिन नहुने:– निर्वाचनको अधिकार प्रयोग गर्न वा अरू कसैलाई त्यस्तो अधिकार प्रयोग गर्न लगाउन वा लगाए बापत वा त्यस्तो कुनै कुराको उद्योग गरे बापत कसैले कुनै नगद वा जिन्सी दिएमा वा लिएमा वा दिन वा लिन मञ्जूर गरेमा वा कुनै अन्य प्रकारको सेवा वा अनुग्रह प्रदान वा प्राप्त गरेमा वा प्रदान वा प्राप्त गर्न मञ्जूर गरेमा वा सो गर्न उद्योग गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै सार्वजनिक नीतिको घोषणा वा कुनै सार्वजनिक सेवा प्रदान गरेकोमा वा सो प्रदान गर्ने प्रतिज्ञा गरेकोमा यो दफाबमोजिम अपराध गरेको मानिने छैन ।

२२८. निर्वाचनमा अनुचित प्रभाव पार्न नहुने:– कुनै मतदातालाई वा निजको सरोकार वा स्वार्थ रहेको अन्य कुनै व्यक्तिलाई कुनै किसिमको क्षति पुर्‍याउने धम्की दिई वा कुनै किसिमको दैवी प्रकोप वा पापको भागी हुनेछ भन्ने त्रासमा पारी वा अन्य कुनै प्रकारले कसैले निर्वाचनको अधिकारको स्वतन्त्र प्रयोगमा अनुचित प्रभाव पारेमा वा सो कुराको उद्योग गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२२९. निर्वाचनको सम्बन्धमा झुट्टा प्रचार गर्न नहुने:– निर्वाचनको अधिकारको स्वतन्त्र प्रयोगमा प्रभाव पार्न कुनै उम्मेदवारको व्यक्तिगत चरित्र वा आचरणको सम्बन्धमा झुट्टा कुरालाई साँचो हो भनी कसैले प्रचार गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३०. धर्म, वर्ण, इत्यादिको आधारमा प्रचार गर्न नहुने:– कसैले धर्म, वर्ण, लिंग, जात वा जातिको आधारमा मत दिन वा नदिन अनुरोध वा प्रचार गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३१. निर्वाचनमा नाम ढाँटी दोहर्‍याई मत दिन नहुने:– कसैले निर्वाचनमा अर्काको नाम वा बनावटी नामबाट मत पत्र लिएमा वा मत दिएमा वा एक पटक मत दिइसकेपछि फेरी सोही निर्वाचनमा आफ्नो नामले मत पत्र लिएमा वा मत दिएमा वा त्यस्तो कुनै कुराको उद्योग गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३२. मतदान केन्द्रमा प्रचार गर्न नहुने:– मतदान हुने दिनमा निर्वाचन अधिकृत वा निजको तर्फबाट अधिकार प्राप्त कुनै अधिकृतले तोकेको मतदान केन्द्रको क्षेत्रभित्र कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कसैले कुनै प्रचार गरेमा वा सो गर्ने उद्देश्यले कुनै सभा बोलाएमा वा त्यस्तो सभामा उपस्थित भएमा निजलाई जरिवाना हुनेछ ।

२३३. मतदानको गोप्यता भङ्ग गर्न नहुने:– कानूनबमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचनसम्बन्धी काम गर्ने कुनै कर्मचारीले मत दर्ता वा गन्ती वा तत्सम्बन्धी अन्य कुराहरू प्रकाशित गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३४. कर्मचारीले मतदानमा अनुचित प्रभाव पार्न नहुने:– निर्वाचनसम्बन्धी काम गर्ने कुनै कर्मचारीले कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत दिन वा नदिन कसैलाई अनुरोध गरेमा वा प्रचार गरेमा वा अन्य कुनै किसिमले निर्वाचनमा अनुचित प्रभाव पारेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३५. मतदान केन्द्र वा त्यसको नजिक शान्ति भङ्ग गर्न नहुने:– मतदान वा निर्वाचनसम्बन्धी काम गर्ने कर्मचारीलाई बाधा पर्ने गरी मतदान केन्द्र वा त्यसको नजिक कसैले कुनै ध्वनिवर्द्धक यन्त्रको प्रयोग गरी वा अरु कुनै किसिमले हल्ला मचाएमा वा अशान्ति फलाएमा निजलाई जरिवाना हुनेछ ।

37
आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३६. निर्वाचनमा दुर्व्यवहार गर्न नहुने:– निर्वाचनमा अनुचित प्रभाव पार्ने नियतले कसैले देहायमा लेखिएको कुनै काम गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछः–

(क) कुनै व्यक्तिले निर्वाचनमा उम्मेदवार हुन दिएको दरखास्त च्यात्ने, नाश गर्ने वा त्यस्मा लेखिएको कुनै कुरा मेट्ने वा सच्याउने, वा

(ख) निर्वाचनको काममा खटिएको कुनै कर्मचारीले टाँसेको वा टाँस्न लगाएको कुनै फिरिस्त, सूचना वा अन्य कुनै कागजात मेट्ने, सच्याउने, बिगार्ने, च्यात्ने, हटाउने वा कुनै प्रकारले नाश गर्ने, वा

(ग) कुनै मतदान पत्रमा लागेको कुनै अधिकारीको दस्तखत वा अड्डाको छाप वा अन्य कुनै चिह्न मेट्ने, च्यात्ने वा बिगार्ने, वा

(घ) कुनै व्यक्तिलाई आफ्नो मतदान पत्र दिने वा आफूले खसाल्ने अधिकार पाएको मतदानपत्र बाहेक अरू कुनै कुरा मतदान पेटीकामा खसाल्ने, वा

(ङ) निर्वाचनको काममा प्रयोग भएको मतदान पेटीका बिगार्ने, खोल्ने वा नोक्सान गर्ने, वा

(च) निर्वाचनको काममा प्रयोग भएको मतदानपत्र कुनै प्रकारले नोक्सान गर्ने, वा

(छ) मतदाल केन्द्रबाट मतदानपत्र बाहिर लैजाने, वा

(ज) निर्वाचनको काममा खटिएको कर्मचारीहरूलाई निजहरूको काममा बाधा पार्ने, वा

(झ) माथि खण्ड (क) देखि (ज) सम्ममा उल्लेख भएको कुनै काम गर्न उद्योग गर्ने वा दुरूत्साहन दिने ।

२३७. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२८
इलाजसम्बन्धी अपराध

२३८. योग्यता नभएको व्यक्तिले इलाज गर्न नहुने:– चिकित्सासम्बन्धी विषयमा शैक्षिक योग्यता प्राप्त गरेको व्यक्तिले बाहेक अरू कसैले कसैको चिरफार वा औषधी गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ र त्यसबाट मानिसको ज्यान मर्न गएमा दश वर्षसम्म कैद र जरिवाना हुनेछ ।

तर शैक्षिक योग्यता प्राप्त नगरे पनि अनुभवबाट इलाज सम्बन्धमा जानकारी राख्ने व्यक्तिले उचित होशियारीसाथ सानोतिनो घाउ खटिरा चिरेको वा सानोतिनो बिमारीमा औषधी लगाएको वा खुवाएको वा औषधी खान सिफारिश गरेकोमा यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै सार्वजनिक नीतिको घोषणा वा कुनै सार्वजनिक सेवा प्रदान गरेकोमा वा सो प्रदान गर्ने प्रतिज्ञा गरेकोमा यो दफाबमोजिम अपराध गरेको मानिने छैन ।

२२८. निर्वाचनमा अनुचित प्रभाव पार्न नहुने:– कुनै मतदातालाई वा निजको सरोकार वा स्वार्थ रहेको अन्य कुनै व्यक्तिलाई कुनै किसिमको क्षति पुऱ्याउने धम्की दिई वा कुनै किसिमको दैवी प्रकोप वा पापको भागी हुनेछ भन्ने त्रासमा पारी वा अन्य कुनै प्रकारले कसैले निर्वाचनको अधिकारको स्वतन्त्र प्रयोगमा अनुचित प्रभाव पारेमा वा सो कुराको उद्योग गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२२९. निर्वाचनको सम्बन्धमा झुट्ठा प्रचार गर्न नहुने:– निर्वाचनको अधिकारको स्वतन्त्र प्रयोगमा प्रभाव पार्न कुनै उम्मेदवारको व्यक्तिगत चरित्र वा आचरणको सम्बन्धमा झुट्ठा कुरालाई सॉंचो हो भनी कसैले प्रचार गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३०. धर्म, वर्ण, इत्यादिको आधारमा प्रचार गर्न नहुने:– कसैले धर्म, वर्ण, लिंग, जात वा जातिको आधारमा मत दिन वा नदिन अनुरोध वा प्रचार गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३१. निर्वाचनमा नाम ढाँटी दोहऱ्याई मत दिन नहुने:– कसैले निर्वाचनमा अर्काको नाम वा बनावटी नामबाट मत पत्र लिएमा वा मत दिएमा वा एक पटक मत दिइसकेपछि फेरी सोही निर्वाचनमा आफ्नो नामले मत पत्र लिएमा वा मत दिएमा वा त्यस्तो कुनै कुराको उद्योग गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३२. मतदान केन्द्रमा प्रचार गर्न नहुने:– मतदान हुने दिनमा निर्वाचन अधिकृत वा निजको तर्फबाट अधिकार प्राप्त कुनै अधिकृतले तोकेको मतदान केन्द्रको क्षेत्रभित्र कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कसैले कुनै प्रचार गरेमा वा सो गर्ने उद्देश्यले कुनै सभा बोलाएमा वा त्यस्तो सभामा उपस्थित भएमा निजलाई जरिवाना हुनेछ ।

२३३. मतदानको गोप्यता भङ्ग गर्न नहुने:– कानूनबमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचनसम्बन्धी काम गर्ने कुनै कर्मचारीले मत दर्ता वा गन्ती वा तत्सम्बन्धी अन्य कुराहरू प्रकाशित गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३४. कर्मचारीले मतदानमा अनुचित प्रभाव पार्न नहुने:– निर्वाचनसम्बन्धी काम गर्ने कुनै कर्मचारीले कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत दिन वा नदिन कसैलाई अनुरोध गरेमा वा प्रचार गरेमा वा अन्य कुनै किसिमले निर्वाचनमा अनुचित प्रभाव पारेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२३५. मतदान केन्द्र वा त्यसको नजिक शान्ति भङ्ग गर्न नहुने:– मतदान वा निर्वाचनसम्बन्धी काम गर्ने कर्मचारीलाई बाधा पर्ने गरी मतदान केन्द्र वा त्यसको नजिक कसैले कुनै ध्वनिवर्द्धक यन्त्रको प्रयोग गरी वा अरु कुनै किसिमले हल्ला मचाएमा वा अशान्ति फलाएमा निजलाई जरिवाना हुनेछ ।

36

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३६. निर्वाचनमा दुर्व्यवहार गर्न नहुने:– निर्वाचनमा अनुचित प्रभाव पार्ने नियतले कसैले देहायमा लेखिएको कुनै काम गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ:–

(क) कुनै व्यक्तिले निर्वाचनमा उम्मेदवार हुन दिएको दरखास्त च्यात्ने, नाश गर्ने वा त्यस्मा लेखिएको कुनै कुरा मेट्ने वा सच्याउने, वा

(ख) निर्वाचनको काममा खटिएको कुनै कर्मचारीले टाँसेको वा टाँस्न लगाएको कुनै फिरिस्त, सूचना वा अन्य कुनै कागजात मेट्ने, सच्याउने, बिगार्ने, च्यात्ने, हटाउने वा कुनै प्रकारले नाश गर्ने, वा

(ग) कुनै मतदान पत्रमा लागेको कुनै अधिकारीको दस्तखत वा अड्डाको छाप वा अन्य कुनै चिह्न मेट्ने, च्यात्ने वा बिगार्ने, वा

(घ) कुनै व्यक्तिलाई आफ्नो मतदान पत्र दिने वा आफूले खसाल्ने अधिकार पाएको मतदानपत्र बाहेक अरू कुनै कुरा मतदान पेटीकामा खसाल्ने, वा

(ङ) निर्वाचनको काममा प्रयोग भएको मतदान पेटीका बिगार्ने, खोल्ने वा नोक्सान गर्ने, वा

(च) निर्वाचनको काममा प्रयोग भएको मतदानपत्र कुनै प्रकारले नोक्सान गर्ने, वा

(छ) मतदान केन्द्रबाट मतदानपत्र बाहिर लैजाने, वा

(ज) निर्वाचनको काममा खटिएको कर्मचारीहरूलाई निजहरूको काममा बाधा पार्ने, वा

(झ) माथि खण्ड (क) देखि (ज) सम्ममा उल्लेख भएको कुनै काम गर्न उद्योग गर्ने वा दुरुत्साहन दिने ।

२३७. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२८
इलाजसम्बन्धी अपराध

२३८. योग्यता नभएको व्यक्तिले इलाज गर्न नहुने:– चिकित्सासम्बन्धी विषयमा शैक्षिक योग्यता प्राप्त गरेको व्यक्तिले बाहेक अरू कसैले कसैको चिरफार वा औषधी गरेमा निजलाई दुई वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ र त्यसबाट मानिसको ज्यान मर्न गएमा दश वर्षसम्म कैद र जरिवाना हुनेछ ।

तर शैक्षिक योग्यता प्राप्त नगरे पनि अनुभवबाट इलाज सम्बन्धमा जानकारी राख्ने व्यक्तिले उचित होशियारीसाथ सानोतिनो घाउ खटिरा चिरेको वा सानोतिनो बिमारीमा औषधी लगाएको वा खुवाएको वा औषधी खान सिफारिश गरेकोमा यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३९. विषादी औषधी बिक्री–वितरण गर्न नहुने:– शैक्षिक योग्यता प्राप्त चिकित्सकको लिखित सिफारिश बिना कसैले कुनै विषादी वा नशा लाग्ने औषधी बिक्री–वितरण गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२४०. म्याद नाघेको औषधी बिक्री गर्न नहुने:– म्याद नाघेको औषधी हो भन्ने जानी जानी कसैले त्यस्तो औषधी बिक्री गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

तर म्याद नाघेको औषधी हो भन्ने जानकारी दिंदा दिंदै पनि कुनै व्यक्तिले त्यस्तो औषधी खरीद गर्न मन्जूर गरेबाट सो व्यक्तिलाई बिक्री गरेकोमा यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

२४१. गुण वा स्तर घटेको औषधी बिक्री गर्न नहुने:– औषधी राख्ने तरीका नपुगेकोले वा अन्य कुनै कारणबाट कुनै औषधीको गुण वा स्तर घटेको छ भन्ने जानी जानी सो कुरा नबताई कसैले त्यस्तो औषधी बिक्री गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२४२. एउटा औषधीलाई अर्को औषधी भनी बिक्री गर्न नहुने:– जानी जानी एक किसिमको औषधीलाई अर्को किसिमको औषधी हो भनी कसैले बिक्री–वितरण गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२४३. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२९

चौपायासम्बन्धी अपराध

२४४. गाई वा गोरु मार्न, कुट्न नहुने:– (१) मार्ने नियतले कसैले गाई वा गोरुलाई केही गर्दा मर्न गएमा निजलाई दश वर्षसम्म कैद हुनेछ ।

(२) कसैले गाई वा गोरुलाई विदेशमा लगी मारेमा निजलाई छ वर्षसम्म कैद हुनेछ ।

(३) कसैले गाई वा गोरुलाई कुटी अङ्ग भङ्ग पारेमा निजलाई दुई वर्षसम्म कैद र अन्य चोट पुर्‍याएमा जरिवाना हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै गाई वा गोरुले आफ्नो वा अरूको जीउ वा ज्यानमा पुर्‍याउन लागेको क्षति बचाउन आवश्यक परेको कुनै काम गर्दा त्यस्तो गाई वा गोरुको ज्यान गएको वा जीउमा चोट पुगेको रहेछ भने यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

२४५. डामी छाडेको साँढे वा गाई जोत्न नहुने:– कसैले डामी छाडेको साँढे वा गाई जोतेमा निजलाई जरिवाना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. स्त्री जाति चौपाया मार्न नहुने:– अघिदेखि चलिआएको रीति–स्थिति अनुसार देवताको पूजामा बलि दिनु पर्नेमा वा रोग फैलिन नदिनको लागि मार्नु पर्ने भएकोमा बाहेक कसैले स्त्री जाति चौपाया मारेमा निजलाई जरिवाना हुनेछ ।

४७. चौपाया प्रति निर्दयी व्यवहार गर्न नहुने:– कसैले कुनै चौपायालाई बुटी, हिर्काई वा बोकन सक्नेभन्दा बढी भारी बोकाई वा सामर्थ्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले अनावश्यक यातना दिएमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

४८. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–३०

बिगो, क्षतिपूर्ति र अपराधको साधनसम्बन्धी व्यवस्था

४९. क्षतिपूर्ति:– (१) कसैले कुनै अपराध गरी कसैको ज्यू सम्पत्ति वा इज्जतमा क्षति पुऱ्याएको रहेछ भने अदालतले अपराधीबाट क्षति पुगेको व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई दिनुपर्छ ।

तर–

(क) क्षतिपूर्ति उदाहरणात्मक हुनु हुँदैन ।

(ख) दफा २५० बमोजिम कुनै सम्पत्ति वा सम्पत्तिको मोल सो सम्पत्तिमा हक पुग्ने व्यक्तिले पाउने भएमा यस दफाबमोजिम सो सम्पत्ति बापतको क्षतिपूर्ति भराइने छैन ।

(२) कुनै अपराधबाट क्षति पुगेको व्यक्ति मरेको रहेछ भने उपदफा (१) बमोजिमको क्षतिपूर्ति सो मरेको व्यक्तिको आश्रित हकवालालाई भराइनेछ ।

५०. सम्पत्तिसम्बन्धी अपराधको बिगो र क्षतिपूर्ति:– (१) कसैले कुनै अपराध गरी प्राप्त गरेको सम्पत्ति सो सम्पत्तिमा हक पुग्ने व्यक्ति बाहेक अरू जुनसुकै व्यक्तिका साथमा भए पनि हक पुग्ने व्यक्तिलाई फिर्ता गराई दिनुपर्छ ।

तर घूस वा कुनै अपराध गर्न लिनु–दिनु गरेको सम्पत्ति जफत हुनेछ ।

(२) हराएको, नाशिएको वा मासिएको कारणले कुनै सम्पत्ति उपदफा (१) बमोजिम हक पुग्ने व्यक्तिलाई फिर्ता हुन नसक्ने अवस्था भएमा वा सो सम्पति बिग्रेको, भत्केको वा टुटेको कारणले हक पुग्ने व्यक्तिले फिर्ता लिन मञ्जूर नगरेमा निजलाई अपराध गर्ने व्यक्तिबाट सो सम्पत्तिको मोल बराबरको रकम क्षतिपूर्तिको रूपमा भराई दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३९. विषादी औषधी बिक्री–वितरण गर्न नहुने:– शैक्षिक योग्यता प्राप्त चिकित्सकको लिखित सिफारिश बिना कसैले कुनै विषादी वा नशा लाग्ने औषधी बिक्री–वितरण गरेमा निजलाई छ महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२४०. म्याद नाघेको औषधी बिक्री गर्न नहुने:– म्याद नाघेको औषधी हो भन्ने जानी जानी कसैले त्यस्तो औषधी बिक्री गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

तर म्याद नाघेको औषधी हो भन्ने जानकारी दिंदा दिंदै पनि कुनै व्यक्तिले त्यस्तो औषधी खरीद गर्न मञ्जूर गरेबाट सो व्यक्तिलाई बिक्री गरेकोमा यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

२४१. गुण वा स्तर घटेको औषधी बिक्री गर्न नहुने:– औषधी राख्ने तरीका नपुगेकोले वा अन्य कुनै कारणबाट कुनै औषधीको गुण वा स्तर घटेको छ भन्ने जानी जानी सो कुरा नबताई कसैले त्यस्तो औषधी बिक्री गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२४२. एउटा औषधीलाई अर्को औषधी भनी बिक्री गर्न नहुने:– जानी जानी एक किसिमको औषधीलाई अर्को किसिमको औषधी हो भनी कसैले बिक्री–वितरण गरेमा निजलाई तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

२४३. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–२९
चौपायासम्बन्धी अपराध

२४४. गाई वा गोरू मार्न, कुट्न नहुने:– (१) मार्ने नियतले कसैले गाई वा गोरूलाई केही गर्दा मर्न गएमा निजलाई दश वर्षसम्म कैद हुनेछ ।

(२) कसैले गाई वा गोरूलाई विदेशमा लगी मारेमा निजलाई छ वर्षसम्म कैद हुनेछ ।

(३) कसैले गाई वा गोरूलाई कुटी अङ्ग भङ्ग पारेमा निजलाई दुई वर्षसम्म कैद र अन्य चोट पुर्‍याएमा जरिवाना हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै गाई वा गोरूले आफ्नो वा अरूको जीउ वा ज्यानमा पुर्‍याउन लागेको क्षति बचाउन आवश्यक परेको कुनै काम गर्दा त्यस्तो गाई वा गोरूको ज्यान गएको वा जीउमा चोट पुगेको रहेछ भने यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

२४५. डामी छाडेको साँढे वा गाई जोत्न नहुने:– कसैले डामी छाडेको साँढे वा गाई जोतेमा निजलाई जरिवाना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. स्त्री जाति चौपाया मार्न नहुने:– अघिदेखि चलिआएको रीति–स्थिति अनुसार देवताको पूजामा बलि दिनु पर्नेमा वा रोग फैलिन नदिनको लागि मार्नु पर्ने भएकोमा बाहेक कसैले स्त्री जाति चौपाया मारेमा निजलाई जरिवाना हुनेछ ।

४७. चौपाया प्रति निर्दयी व्यवहार गर्न नहुने:– कसैले कुनै चौपायालाई कुटी, हिर्काई वा बोकन सक्नेभन्दा बढी भारी बोकाई वा सामर्थ्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले अनावश्यक यातना दिएमा निजलाई तीन महीनासम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ ।

४८. हद म्याद:– यस परिच्छेद अन्तर्गतको अपराधमा सो अपराध भएको कुरा थाहा पाएको मितिले साठी दिन नाघेपछि उजूर लाग्ने छैन ।

परिच्छेद–३०

बिगो, क्षतिपूर्ति र अपराधको साधनसम्बन्धी व्यवस्था

४९. क्षतिपूर्ति:– (१) कसैले कुनै अपराध गरी कसैको ज्यू सम्पत्ति वा इज्जतमा क्षति पुऱ्याएको रहेछ भने अदालतले अपराधीबाट क्षति पुगेको व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई दिनुपर्छ ।

तर–

(क) क्षतिपूर्ति उदाहरणात्मक हुनु हुँदैन ।

(ख) दफा २५० बमोजिम कुनै सम्पत्ति वा सम्पत्तिको मोल सो सम्पत्तिमा हक पुग्ने व्यक्तिले पाउने भएमा यस दफाबमोजिम सो सम्पत्ति बापतको क्षतिपूर्ति भराइने छैन ।

(२) कुनै अपराधबाट क्षति पुगेको व्यक्ति मरेको रहेछ भने उपदफा (१) बमोजिम–को क्षतिपूर्ति सो मरेको व्यक्तिको आश्रित हकवालालाई भराइनेछ ।

२५०. सम्पत्तिसम्बन्धी अपराधको बिगो र क्षतिपूर्ति:– (१) कसैले कुनै अपराध गरी प्राप्त गरेको सम्पत्ति सो सम्पत्तिमा हक पुग्ने व्यक्ति बाहेक अरू जुनसुकै व्यक्तिका साथमा भए पनि हक पुग्ने व्यक्तिलाई फिर्ता गराई दिनुपर्छ ।

तर घूस वा कुनै अपराध गर्न लिनु–दिनु गरेको सम्पत्ति जफत हुनेछ ।

(२) हराएको, नाशिएको वा मासिएको कारणले कुनै सम्पत्ति उपदफा (१) बमोजिम हक पुग्ने व्यक्तिलाई फिर्ता हुन नसक्ने अवस्था भएमा वा सो सम्पति बिग्रेको, भत्केको वा टुटेको कारणले हक पुग्ने व्यक्तिले फिर्ता लिन मञ्जूर नगरेमा निजलाई अपराध गर्ने व्यक्तिबाट सो सम्पत्तिको मोल बराबरको रकम क्षतिपूर्तिको रूपमा भराई दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै अपराधमा एकभन्दा बढी व्यक्तिहरू सम्मिलित रहेको भए उपदफा (२) बमोजिमको क्षतिपूर्ति अपराध गर्ने प्रत्येक व्यक्तिले सामूहिक र व्यक्तिगत रूपमा बेहोर्नु पर्नेछ।

२५१. अपराधको साधन जफत हुने:– कसैले कुनै अपराध गर्न साधनको रूपमा प्रयोग गरेको सम्पत्ति जफत हुनेछ।

परिच्छेद–३१

उद्योग, दुरूत्साहन तथा आपराधिक षडयन्त्र

२५२. उद्योग:– यस संहितामा अन्यत्र अन्यथा व्यवस्था गरिएकोमा बाहेक कुनै अपराध गर्ने उद्योग गर्ने व्यक्तिलाई सो अपराधको लागि तोकिएको सजायको आधा सजाय हुनेछ।

२५३. दुरूत्साहन:– (१) यस संहितामा अन्यत्र अन्यथा व्यवस्था गरिएकोमा बाहेक कसैले कसैलाई कुनै अपराध गर्न दुरूत्साहन दिएमा निजलाई देहायबमोजिम सजाय हुनेछ:–

(क) दुरूत्साहनको अनुशरणमा अपराध भएको भए निज स्वयंले अपराध गरे सरह र

(ख) दुरूत्साहनको अनुशरणमा अपराध भई नसकेकोमा सो अपराधका लागि तोकिएको सजायको आधा।

(२) दुरूत्साहित व्यक्तिले दुरूत्साहनबमोजिमको अपराध नगरी अन्य कुनै अपराध गरेकोमा त्यस्तो अपराध सो दुरूत्साहनकै प्रभावमा र त्यसैको सम्भावित परिणाम स्वरूप भएको रहेछ भने दुरूत्साहन दिने व्यक्तिलाई सो अपराध निज स्वयंले गरे सरह सजाय हुनेछ।

(३) दुरूत्साहित व्यक्तिले दुरूत्साहनबमोजिमको अपराधको साथै अन्य अपराध समेत गरेकोमा त्यस्तो अपराध पनि सो दुरूत्साहनकै प्रभावमा र त्यसकै सम्भावित परिणाम–स्वरूप भएको रहेछ भने दुरूत्साहन दिने व्यक्तिलाई सो अपराध पनि निज स्वयंले गरे सरह थप सजाय हुनेछ।

२५४. मतियार:– कुनै अपराध गर्ने साझा नियत लिई सो अपराध गर्ने सहयोग दिने प्रत्येक व्यक्तिलाई सो अपराध गरे बापतको सजाय हुनेछ।

२५५. आपराधिक षडयन्त्र:– दुई वा सोभन्दा बढी व्यक्तिहरू मिली कुनै अपराध गर्न वा गराउन सहमत भएमा निजहरूले आपराधिक षडयन्त्र गरेको मानिनेछ।

२५६. आपराधिक षडयन्त्रको सजाय:– (१) यस संहितामा अन्यत्र अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले आपराधिक षडयन्त्र गरेमा निजलाई देहायबमोजिम सजाय हुनेछ :–

(क) षडयन्त्रको अनुशरणमा अपराध भएको भए सो अपराध गरे सरहको सजाय र

(ख) षडयन्त्रको अनुशरणमा अपराध भई नसकेकोमा सो अपराधका लागि तोकिएको सजायको आधा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) षडयन्त्रबमोजिमको अपराध नभई अन्य अपराध भएकोमा त्यस्तो अपराध उक्त षडयन्त्रकै अनुशरणमा र त्यसैको सम्भावित परिणामस्वरूप भएको रहेछ भने षडयन्त्र कारीहरूलाई सो अपराधको समेत सजाय हुनेछ ।

(३) षडयन्त्र बमोजिमको अपराधको साथै अन्य अपराध पनि हुन गएकोमा त्यस्तो अपराध पनि सो षडयन्त्रकै अनुशरणमा र त्यसैको सम्भावित परिणामस्वरूप भएको रहेछ भने षडयन्त्रकारीहरूलाई सो अपराधको समेत सजाय हुनेछ ।

२५७. हद म्यादः– यस संहितामा कुनै अपराधका सम्बन्धमा व्यवस्था गरिएको उजूर गर्ने हद म्याद सो अपराधको उद्योग, दुरुत्साहन र आपराधिक षडयन्त्रमा पनि लागू हुनेछ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

भूलसुधार

खण्ड २४, मिति ०३१।१।२३ संख्या ४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रम संख्या ३० मा "श्री दामोदरपुरुष ढकाल" हुनु पर्नेमा "श्री दामोदरप्रसाद ढकाल" भएकोले भूलसुधार गरिएको छ ।

कानून तथा न्याय मन्त्रालय

386

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

(३) कुनै अपराधमा एकभन्दा बढी व्यक्तिहरू सम्मिलित रहेको भए उपदफा (२) बमोजिमको क्षतिपूर्ति अपराध गर्ने प्रत्येक व्यक्तिले सामूहिक र व्यक्तिगत रूपमा बेहोर्नु पर्नेछ।

२५१. अपराधको साधन जफत हुने:– कसैले कुनै अपराध गर्न साधनको रूपमा प्रयोग गरेको सम्पत्ति जफत हुनेछ।

परिच्छेद–३१

उद्योग, दुरुत्साहन तथा आपराधिक षडयन्त्र

२५२. उद्योग:– यस संहितामा अन्यत्र अन्यथा व्यवस्था गरिएकोमा बाहेक कुनै अपराध गर्न उद्योग गर्ने व्यक्तिलाई सो अपराधको लागि तोकिएको सजायको आधा सजाय हुनेछ।

२५३. दुरुत्साहन:– (१) यस संहितामा अन्यत्र अन्यथा व्यवस्था गरिएकोमा बाहेक कसैले कसैलाई कुनै अपराध गर्न दुरुत्साहन दिएमा निजलाई देहायबमोजिम सजाय हुनेछ:–

(क) दुरुत्साहनको अनुशरणमा अपराध भएको भए निज स्वयंले अपराध गरे सरह र

(ख) दुरुत्साहनको अनुशरणमा अपराध भई नसकेकोमा सो अपराधका लागि तोकिएको सजायको आधा।

(२) दुरुत्साहित व्यक्तिले दुरुत्साहनबमोजिमको अपराध नगरी अन्य कुनै अपराध गरेकोमा त्यस्तो अपराध सो दुरुत्साहनकै प्रभावमा र त्यसैको सम्भावित परिणाम स्वरूप भएको रहेछ भने दुरुत्साहन दिने व्यक्तिलाई सो अपराध निज स्वयंले गरे सरह सजाय हुनेछ।

(३) दुरुत्साहित व्यक्तिले दुरुत्साहनबमोजिमको अपराधको साथै अन्य अपराध समेत गरेकोमा त्यस्तो अपराध पनि सो दुरुत्साहनकै प्रभावमा र सकै सं भावित परिणाम–स्वरूप भएको रहेछ भने दुरुत्साहन दिने व्यक्तिलाई सो अपराध पनि निज स्वयंले गरे सरह थप सजाय हुनेछ।

२५४. मतियार:– कुनै अपराध गर्ने साझा नियत लिई सो अपराध गर्न सहयोग दिने प्रत्येक व्यक्तिलाई सो अपराध गरे बापतको सजाय हुनेछ।

२५५. आपराधिक षडयन्त्र:– दुई वा सोभन्दा बढी व्यक्तिहरू मिली कुनै अपराध गर्न वा गराउन सहमत भएमा निजहरूले आपराधिक षडयन्त्र गरेको मानिनेछ।

२५६. आपराधिक षडयन्त्रको सजाय:– (१) यस संहितामा अन्यत्र अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले आपराधिक षडयन्त्र गरेमा निजलाई देहायबमोजिम सजाय हुनेछ :–

(क) षडयन्त्रको अनुशरणमा अपराध भएको भए सो अपराध गरे सरहको सजाय र

(ख) षडयन्त्रको अनुशरणमा अपराध भई नसकेकोमा सो अपराधका लागि तोकिएको सजायको आधा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) षडयन्त्रबमोजिमको अपराध नभई अन्य अपराध भएकोमा त्यस्तो अपराध उक्त षडयन्त्रकै अनुशरणमा र त्यसैको सम्भावित परिणामस्वरूप भएको रहेछ भने षडयन्त्र कारीहरूलाई सो अपराधको समेत सजाय हुनेछ ।

(३) षडयन्त्र बमोजिमको अपराधको साथै अन्य अपराध पनि हुन गएकोमा त्यस्तो अपराध पनि सो षडयन्त्रकै अनुशरणमा र त्यसैको सम्भावित परिणामस्वरूप भएको रहेछ भने षडयन्त्रकारीहरूलाई सो अपराधको समेत सजाय हुनेछ ।

२५७. हद म्यादः– यस संहितामा कुनै अपराधका सम्बन्धमा व्यवस्था गरिएको उजूर गर्ने हद म्याद सो अपराधको उद्योग, दुरुत्साहन र आपराधिक षडयन्त्रमा पनि लागू हुनेछ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

भूलसुधार

खण्ड २४, मिति ०३१।१।२३ संख्या ४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रम संख्या ३० मा "श्री दामोदरपुरुष ढकाल" हुनु पर्नेमा "श्री दामोदरप्रसाद ढकाल" भएकोले भूलसुधार गरिएको छ ।

कानून तथा न्याय मन्त्रालय

384

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।